# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ५ अङ्क ३९ पूर्णाङ्क २२९ २०७७ चैत २३ गते सोमबार Monday, 5 April, 2021 पृष्ठ ८ मूल्य रू. १०।–


## शिवराज बजगाईंकी आमा किउरी देवी बजगाईंको निधनमा देजमो, नेपालका अध्यक्ष सी.पी. गजुरेलद्वारा श्रद्धाञ्जली वक्तव्य प्रकाशित

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सी.पी. गजुरेलव्दारा पार्र्टीका केन्द्रीय समिति सदस्य शिवराज बजगाईंकी आमा वर्ष ८९ की किउरी देवी बजगाईंको निधनप्रति श्रद्धांजली र शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै वक्तव्य प्रकाशित गर्नु भएको छ, जसको पूर्णपाठ तल दिइएको छ :

**श्रद्धाञ्जली वक्तव्य**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय समिति सदस्य क.शिवराज बजगाईंकी ममतामयी आमा अछाम जिल्ला कमलनगर नगरपालिका वडा नं. ८ निवासी वर्ष ८९ की किउरी देवी बजगाईंको यहि चैत्र २१ गते असामयिक निधन भएको खवरबाट हामी अत्यन्त दुःखित भएका छौं । संगठनका तर्फबाट दिवंगत आमा प्रति हार्दिक श्रद्धांजली अर्पण गर्दै क. शिवराज बजागाई लगायत शोक सन्तप्त परिवार जनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

*सी.पी. गजुरेल, अध्यक्ष– देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल*

# चैत्र २४ मा गरिने जनसभाको अन्तिम तयारीमा क्रान्तिकारी माओवादी

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले पूर्व निर्धारित कार्यक्रम अनुसार चैत्र २४ गते गरिने जनसभा तथा प्रदर्शनको अन्तिम तयारीमा जुटेको छ । देशका सात प्रदेशका सात सहरमा एकसाथ गरिने जनसभाको अन्तिम तयारी भइरहेको सम्बद्ध पार्टीका नेताहरुले जानकारी दिनुभएको छ । ३१ औं जनआन्दोलन दिवसको अवसर पारेर आयोजना गरिएको जनसभालाई प्रभावकारी बनाउन आवश्यक सबै तयारी गरिएको ३ नं. प्रदेशका सचिव प्रवेशले बताउनु भयो । झण्डा, ब्यानर, स्टेज निर्माणको व्यवस्थापनदेखि जनपरिचालन र प्रचार प्रसारको कामलाई व्यवस्थित तुल्याउन काठमाडौं उपत्यकामा चारवटा अभियान समेत सञ्चालनमा रहेका छन् । चारवटै अभियानको क्रममा पार्टी, देजमो, जबस मोर्चा लगायतको भेला तथा संगठन निर्माणको काम लगायत चैत्र २४ को जनसभामा सहभागि हुन आम जनसमुदायलाई अपिल समेत गरिएको छ । काठमाडौंको शान्तिबाटिकामा गरिने जनसभालाई क्रान्तिकारी माओवादीले केन्द्रिय जनसभाको रुपमा सम्पन्न गर्ने गरी तयारी गरेको छ । जनपरिचालनदेखि प्रचार प्रसारको कामलाई त्यही रुपमा तयारी गरिएको प्रदेश सचिव प्रवेशले बताउनु भयो ।




दोस्रो लहरको बढ्दो कोरोना संक्रमणको प्रभावलाई ख्याल गर्दै भौतिक दुरी कायम गर्ने र जनसभामा सहभागि सबै जनसमुदायलाई मास्कको प्रयोगलाई अनिवार्य गराइने पनि नेता प्रवेशले जानकारी दिनुभयो ।

त्यसैगरी १ नं. प्रदेशका इन्चार्ज मीनकुमारले दिएको जानकारी अनुसार मोरङको विराटनगरमा प्रदेश स्तरको जनसभा तथा प्रदर्शनका तयारी गरिएको छ । कार्यक्रमलाई प्रभावकारी बनाउन जनविद्रोह साँस्कृतिक परिवार गठन गरी १५ दिने शिविर समेत सम्पन्न गरिएको छ । साँस्कृतिक प्रस्तुतिसहित गर्न लागिएको जनसभामा अत्यधिक जनसहभागिता गराउने पहल भइरहेको इन्चार्ज मिनकुमारले बताउनु भयो ।

त्यसैगरी २ नं. प्रदेशका इन्चार्ज कृष्णदेव सिंह दनुवारले दिएको जानकारी अनुसार प्रदेशका अधिकांश जिल्लाको जनसहभागितासहित धनुषाको जनकपुरमा नारा जुलुससहित जनसभाको तयारी गरिएको छ ।

पार्टीका पश्चिम ब्यूरो इन्चार्ज राजवीरका अनुसार लुम्बिनी प्रदेशको कोलहपुर, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको अत्तरियामा जनसभा गर्ने तयारी गरिएको छ ।

लुम्बिनी प्रदेशका पार्टी सेक्रेटरी शंकुलका अनुसार दाङ, बाँके र बर्दियाको जनमास जम्मा गरेर बाँकेको कोहलपुरमा जनसभा गर्ने तयारी गरिएको छ । कार्यक्रम स्थलभन्दा टाढाका जिल्लाहरुको जिल्लाको सापेक्षतामा विकेन्द्रित रुपमा पनि जनआन्दोलन दिवस मनाउने तयारी भए पनि प्रदेश स्तरको केन्द्रिकरणमा कोहलपुरमा जनसभा गर्ने तयारी गरिएको हो । चैत्र २४ को यही जनसभालाई लक्षित गरी लुम्बिनी प्रदेशका अधिकांश जिल्लामा पार्टी, देजमो, जवस मोर्चाका भेलाहरु मार्फत् संगठन विस्तारका कामहरु भइरहेका छन् ।

सुदूरपश्चिम प्रदेशका इन्चार्ज अनुकूलले प्रहरी प्रशासनले कोरोना संक्रमणलाई कारण देखाउँदै भिडभाड हुने कार्यक्रम नगर्न भने पनि कैलालीको अत्तरियामा प्रदेशस्तरको जनसभा गरिने बताउनु भयो । भारतमा तीव्र रुपमा दोस्रो लहरको कोरोना संक्रमण बढ्न थालेपछि दैनिक हजारौको संख्यामा भारत गएका नेपाली श्रमिकहरु गौरीफन्टा नाका र गड्डाचौकी नाकाबाट भित्रिरहेको र स्थानीय प्रशासनले अहिले नाका कडा गरेको अवस्थामा सापेक्षिक केन्द्रिकरणसहितको जनसभाको तयारी गरिएको बताउनु भयो ।

उता कर्णाली प्रदेशका पार्टी इन्चार्ज सीपी शर्माका अनुसार सुर्खेतको विरेन्द्रचोकमा जनसभाको भव्य तयारी गरिएको छ । चैत्र २४ को जनआन्दोलन दिवसलाई लक्षित गरी प्रदेशभित्रका जिल्लाहरुमा संगठनात्मक गतिविधिहरुलाई तीव्र पारिएको छ ।

'संसदीय व्यवस्थाको खारेज गरौं, संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्ष गरौं' भन्ने मूल नारा र आव्हानका साथ संघर्षकै रुपमा देशैभर जनसभा गरेर जनआन्दोलन दिवस मनाउन लागेको क्रान्तिकारी माओवादीले राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाका विकराल समस्याको वास्तविक समाधाना लागि मुलुकमा नयाँ जनवादी व्यवस्थामा अधाारित संघीय जनगणतन्त्रको स्थापना अपरिहार्य रहेको कुरामा जोड दिँदै आएको छ ।

२०४६ सालको चैत २४ लाई जनआन्दोलन उत्कर्षमा पुगेको दिनका रुपमा लिइन्छ । त्योबेला राजतन्त्रको विरोध गर्दै काठमाडौंको दरबारमार्गमा रहेको महेन्द्रको सालिक ढाल्न खोज्दा ४ जनाले ज्यान गुमाएका थिए । चैत २४ गतेका दिन काठमाडौं, ललितपुर र भक्तपुरमा सबैतिरबाट जति जुलुसहरू टुडिखेलतिर जम्मा हुदै थिए, त्यतिबेलाको नारा थियो राजतन्त्र मुर्दावाद ! गणतन्त्र जिन्दावाद ! तर, चैत २६ गतेको दिन पञ्चायतको मात्रै अन्त्य गरीकन संवैधानिक राजतन्त्रका निम्ति सम्झौता *बाँकी ४ पेजमा*

## अखिल क्रान्तिकारीद्वारा जिल्ला भेला आयोजक कमिटी गठन



**❑ धनञ्जय अवस्थी**

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले कञ्चनपुरमा ११ सदस्यीय जिल्ला भेला आयोजक समिती गठन गरेको छ। *बाँकी ३ पेजमा*

## क्रान्तिकारी माओवादीले गर्दैछ पश्चिम ब्यूरोका कोहलपुर, अत्तरिया र सुर्खेतमा भव्य जनसभा



काठमाडौं । चैत्र २४ लाई जनआन्दोलन दिवसको रूपमा मनाउँदै आएको नेकपा (क्रान्तिकारी माओवादी)ले ३१ औं जनआन्दोलन दिवसको अवसर पारेर देशका सातवटै प्रदेशमा भव्य जनसभाको आयोजना गर्दैछ ।

काठमाडौंमा केन्द्रीय जनसभाको तयारी गरिरहेको क्रान्तिकारी माओवादीले देशैभर पार्टी सम्बद्ध संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ब्यानरमा संघर्षकै रूपमा जनसभा गर्न लागेको हो ।

पार्टीका पश्चिम ब्यूरो इन्चार्ज *बाँकी २ पेजमा*

# 'दलाल संसदीय व्यबस्थाको बिकल्प संघीय जनगणतन्त्र'– गजुरेल

## क्रान्तिकारी युवा लिग काभ्रेको प्रथम जिल्ला सम्मेलन भव्यताकासाथ सम्पन्न



काभ्रे । क्रान्तिकारी युवा लिग काभ्रेको प्रथम जिल्ला सम्मेलन चैत्र २१ गते शनिबार बनेपामा सम्पन्न भएको छ । क्रान्तिकारी माओवादी पार्टीका स्थाई समिति सदस्य तथा देजमो नेपालका अध्यक्ष सिपी गजुरेलको प्रमुख आतिथ्यतामा सयौको संख्यामा काभ्रेका युवाहरूको भव्य जुलुसमा सहभागिता सहीत सम्मेलन सम्पन्न भएको हो ।

सम्मेलनलाई सम्वोधन गर्दै क्रान्तिकारी माओवादी पार्टीका स्थाई समिति सदस्य सिपी गजुरेलले यो दलाल संसदीय ब्यबस्थाको बिकल्प संघिय जनगणतन्त्रको आवश्यकता रहेको बताएका छन । बैकल्पिक शक्ति आफुहरू रहेको दाबी गर्दै नेता गजुरेलले प्रचण्डहरूले बाटो बिराएर गएका कारण अहिले देशमा यस्तो स्थिती आएको आरोप लगाएका छन् । *बाँकी ४ पेजमा*

## पत्रकार महासंघको २६ औं महाधिवेशनमा क्रान्तिकारी पत्रकार महासंघका तीन नेता चुनावी मैदानमा




नेपाल पत्रकार महासंघको २६ औं महाधिवेशनमा हुने प्रत्यक्ष प्रणालीमा आधारित निर्वाचनमा क्रान्तिकारी पत्रकार महासंघका तीन नेता चुनावी मैदानमा उत्रिएका छन् । संगठनका कार्यवाहक अध्यक्ष नारायण पंगेनी खुल्ला केन्द्रीय सदस्यमा, संगठनका महासचिव आदिवासी जनजाति सचिवमा र संगठनका कोषाध्यक्ष रवि पाण्डेय लुम्बिनीबाट केन्द्रीय सदस्यको उम्मेदवारीका साथ चुनावी *बाँकी ४ पेजमा*

# अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको कास्की जिल्ला भेला सम्पन्न

### *भेलाले चन्द्र बहादुर लामा अध्यक्ष रहेको १३ सदस्यीय जिल्ला कमिटी निर्वाचित*

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध मजदुर संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, कास्कीको तेस्रो जिल्ला भेला चन्द्र बहादुर लामा अध्यक्ष रहेको १३ सदस्यीय जिल्ला कमिटी निर्वाचित गर्दै सम्पन्न भएको छ । भेलालाई प्रमुख अतिथि एवं नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटव्युरो सदस्य क. अटल, *बाँकी ४ पेजमा*



## पार्टीले उत्पादन कार्यमा जोड दिनु पदर्छ

***नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासलाई अध्ययन गर्दा के बुझिन्छ भने पहिले पहिले पार्टीले सामन्त दलाल तथा नोकरशाही पुँजीपति वर्गसँग पार्टीको लागि आर्थिक सहयोग लिएको पाइन्न । बरु उनीहरूको सम्पत्ती जफत गरेर जनतालाई वितरण गरेको घटनाहरू पाइन्छ तर समयहरू वित्दैजाँदा तिनै दलाल तथा नोकरशाही पुँजीपतिहरूसँग सहयोग लिएर पार्टी संचालन गर्ने गरियो । खास गरेर सरकारमा जाने आफूलाई कम्युनिष्ट भन्ने पार्टीहरूले कारखाना मालिक ठेकेदारहरूसँगबाट मोटो रकम लिने र सरकारमा पुगे पछि उनीहरूको हितमा नीति निर्माणहरू गर्ने कामहरू भए***



● रामसिंह श्रीस ●

आज हाम्रो पार्टी सँग सही क्रान्तिकारी राजनीतिक कार्यदिशा छ । राजनीतिक कार्यदिशा सही हुनु क्रान्तिको लागि आधारभूत र प्रमुख कुरा हो तर सबै चीज हल भयो भन्ने कुरा होइन । यो त क्रान्तिको लागि प्रस्थान विन्दु मात्र हो । पार्टीले सही राजनीतिक कार्यदिशा तय गरिसके पछि त्यसलाई व्यवहारमा लागू गर्न त्यस पार्टीको नेता र कार्यकर्ताहरूको मुख्य भूमिका हुन्छ । ठूलो संख्यामा कार्यकर्ताहरूलाई संगठित र व्यवस्थित रूपले परिचालन नगर्दासम्म त्यो सही राजनीतिक कार्यदिशा नीतिमा मात्र सीमित *बाँकी ७ पेजमा*

## सम्पादकीय

# दलाल शासकहरूको शासन कहिलेसम्म ?

नेपालमा वैदेशिक हस्तक्षेप निम्ताउने कामका लागि यहाँका दलाल शासकहरूको महत्वपूर्ण भूमिका रहेको छ। इतिहासदेखि अहिलेसम्म नेपालमा सरकारमा गएर वैदेशिक शक्तिको फाइदाका लागि काम गर्नेहरूको एउटा लामो श्रृखलावद्ध फेहरिस्ती छ। सत्ताको बागडोर समातेकाहरूमध्ये कमै मात्र दलाल शासकको उपमा पाउन बाट जोगिएका होलान ।

गणतन्त्रको स्थापनापछि दलाल पुँजीवादको वर्चश्व नेपालका हरेक क्षेत्रमा बढदै गएको छ। नेपालमा वैदेशिक हस्तक्षेप योजनावद्ध रूपमा अगाडि बढीरहेको छ। जसमा दलाल शासकहरूले निम्त्याएको वैदेशिक हस्तक्षेपको मात्रा पनि पर्दछ।

अहिले नेपालमा कम्युनिष्ट सरकारको नाममा दलाल पुँजीवादको वर्चश्व देखिएको छ। यही दलाल पुँजीवादको गैरजिम्मेवारीपन, नालायकीपन र निकम्मापनको भद्दा उदाहरण बनेको छ वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकार।

महाकाली सन्धिका योजनाकार केपी ओली एक्लो दलाल शासक होइनन। प्रतिपक्षी संसदवादी पार्टीका नेताहरूका गतिविधिले पनि दलालीकरण कसरी भइरहेको छ भन्ने कुरा प्रष्ट पारेको छ। र के स्पष्ट भएको छ भने वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकार हटे पनि उसको ठाउँमा आउने राजनीतिक दल र नेताहरूको दलालीकरण र उनीहरूले आफ्नो सत्तास्वार्थका निम्ति गर्ने राष्ट्रघाती कार्यमा खासै फरक पर्नेवाला छैन्। नेपालमा राजनीतिक दल र नेताहरूको दलालीकरण मात्रै होइन नेपालको अन्य क्षेत्रहरूमा यो दलालीकरणको प्रवृति ऐजेरुका रूपमा बलियो गरी फैलिएको छ। राजनीतिक दल र नेताहरूको दलालीकरणको बलियो आधार वर्तमानको संसदीय व्यवस्था पनि हो। त्यसैले यसको अन्त्य गरी नेपालमा नयाँ जनवादी सरकार, जसलाई नेकपा(क्रान्तिकारी माओवादीले) जनगणतान्त्रिक सरकार भनेकोछ, त्यसको स्थापना अनिवार्य छ।

यसरी शासनसत्ताको बागडोर सम्हालेका शासकहरू, राजनीतिक पार्टी तथा नेताहरूको दलालीकरण र उनीहरूले आफ्नो सत्तास्वार्थका निम्ति गरेको गल्तीको मूल्य मुलुक र जनताले कालान्तरमा चुकाउनै पर्छ र मुलुक र जनताका लागि त्यो कति घातक र दुरगामी असर पुऱ्याँउनेछ भन्ने विगतका नेपालका शासकहरूले गरेको राष्ट्रघाती सन्धि सम्झौता प्रकरणले देखाइसकेको छ।

विगतका र वर्तमानका पनि शासकहरूले गरेको राष्ट्रघाती सन्धि सम्झौताकै कारण विदेशी (साम्राज्यवादी तथा विस्तारवादी) शासकहरूले नेपाललाई नराम्ररी हेप्ने र चेप्ने गरिरहेका छन्। र, उनीहरूको स्वार्थनुकूलको ठाडो हस्तक्षेप लादिरहेका छन्। लिम्पियाधुरा, लिपुलेक, कालापानीमाथिको विस्तारवादी शासकहरूको दाबी पनि विगतमा गरिएको महाकाली सन्धिकै परिणाम हो। महाकाली सन्धिमा महाकाली नदीको उद्गम स्थल लिम्पियाधुरा हो भनी स्पष्ट रूपमा उल्लेख गरिदिएको भए भारतीय विस्तारवादले नेपाली भूमि आफ्नो नक्सामा गाभ्ने हिम्मत अवश्यै गर्ने थिएन। यो हस्तक्षेप तथा अतिक्रमण निम्त्याउने काम महाकाली सन्धिले गरेको हो र त्यसको मुख्य मतियार र योजनाकारमध्ये एक हुन्- केपी शर्मा ओली। भित्रभित्रै अँध्यारो कोठाभित्र महाकाली सन्धि अनुसार नै नक्कली काली नदीलाई सीमा नदी मानेर भारतले आफ्नो नक्सामा समावेश गरेको नेपाली भूमि भारतकै भएको सदर गराउने र नेपालसँग भएका ऐतिहासिक तथ्य प्रमाणहरू नस्ट गर्ने गम्भिर कार्य त भइरहेका छैनन् ? गम्भिर आशंका उब्जिएका छन्। पार्टीभित्र र बाहिर चौतर्फी रूपमा मध्यरातमा विस्तारवादका खुफिया अधिकारीसँग भएका कुराकानीले देशको प्रधानमन्त्रीलाई खुफिया अधिकारीको तहमा गिराएको छ र नेपालको घोर अपमान गरेको भनी राजनीतिक तथा कुटनीतिक वृतमा आलोचना भइरहँदा प्रम ओलीको सचिवालयले उल्टै त्यसमा गर्व गरिरहेको छ। मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) जस्तो राष्ट्रघाती सम्झौता सदनबाट पास गराउन मरिहत्ते गरेर लागिपरेका प्रम ओलीले आफ्नै मन्त्रीपरिषद्ले जारी गरेको र सदनले एकमतका साथ लिम्पियाधुरासहितको अनुमोदन गरेको चुच्चे नक्साको स्वामित्व लिएनन्। यसकारण कि देशभक्त क्रान्तिकारी शक्तिहरूले सडकबाट दिएको दबाबका कारण सरकार उक्त चुच्चे नक्सा जारी गर्न बाध्य भएको थियो। प्रम ओली आफै त्यसका निम्ति हार्दिक रूपमा तयार थिएनन्। नक्सासँग एमसीसी साट्न खोजियो। तर अमेरिका र भारतको बेका सम्झौतासहित 'टु प्लस टु'को सहकार्य बढेपछि चुच्चे नक्सालाई बेबारिसे बनाइएको छ। नक्सा अनुसारको भूमि फिर्ता गराउने कुरा त परै छाडौं, त्यो विषय उच्चारण गर्ने ल्याकत र नैतिक धरातल नै ओलीले गुमाइसकेको विश्लेषकहरू बताउँछन्। चीनलाई घेर्ने र कमजोर पार्ने साझा रणनीतिमा अगाडि बढेका अमेरिका र भारतले नेपालमा त्यही मिसनसहितको उपस्थिति देखाउन थालेका छन्।

उक्त मिसनको सफलताका लागि विगतमा ओलीलाई सदनबाट एमसीसी पास गराउन ओलीलाई दवाव दिने देउवा पुनः ओलीपछिका प्रधानमन्त्रीको लाइनमा चर्चामा देखिएका छन्। देउवा नेपालको राजनीतिका एक जना प्रमाणित खलनायक हून। भारत र अमेरिकालाई खूशी बनाउन उनले भारतले अतिक्रमण गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको नेपाली भूभागमाथि भारतकै स्वामित्व स्थापित गराउन र नेपाललाई इण्डो अमेरिकन सैन्य रणनीतिक क्याम्पमा सामेल गराउने अनि बिआरआईबाट अलग्याउने कार्यमा आफूलाई केन्द्रीत गराउने स्पष्ट छ।

दलालीकरणको यस्तो गोलचक्करबाट देशलाई उन्मुक्ति दिन देशभक्त क्रान्तिकारीहरूले चेतावनी दिएर मात्रै पुग्दैन। दलाल शासकहरूका कारण मुलुकको राष्ट्रिय स्वाधीनतामाथि गम्भिर संकट उत्पन्न भइरहेको छ। यो संकटबाट मुलुक र जनताको रक्षा गर्ने ल्याकत अब सच्चा देशभक्त र कम्युनिष्ट क्रान्तिकारीसहित आम स्वाभिमानी नेपाली जनतामा मात्र रहेको छ। सच्चा देशभक्त र कम्युनिष्ट क्रान्तिकारीहरू एकताबद्ध भएर राष्ट्रिय स्वाधीनता रक्षाको आन्दोलनलाई वृहत, सशक्त र जुझारु बनाउन ढिला गर्नु हुँदैन। र नेपालबाट दलाल शासकहरूको अन्त्य त्यससमयमा हुने छ जव नेपालमा जनताको सरकार-जनगणतान्त्रिक सरकार स्थापना हुनेछ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्नें र पढ्ने गरौँ।

www.moolbato.com

# साम्राज्यवादी पुँजीवाद र सर्वहारा क्रान्तिको सवाल



● कृष्ण गुरुङ 'अस्मान' ●

## १) जसको चरित्र विभेदकारी छ।
## २) जुन विधि नियन्त्रणमा आधारित छ।
## ३) जो नीतिमा हरेक चिजको केन्द्रीकरण जारी छ।
## – त्यो साम्राज्यवादी तत्व हो

वर्तमान साम्राज्यवादको रूप पुँजीवाद हो, 'जसको स्वरूप उत्पादन, वाणिज्य र वित्त आर्थिक केन्द्रहरू हुन, त्यसद्वारा उसले आजको दुनियाँमा नियन्त्रण तथा अधिनायकत्व कायम राखेको छ, हरेक वस्तुमाथि आर्थिक कारणले विभेद गर्नुको साथै सबै अधिकारको अधिकरण गर्दै एकाधिकार लागु गर्दछ। त्यो खुल्ला बजार अर्थतन्त्रको जगमाथि उभिएको छ, व्यक्तिगत मुनाफामा आधारित यसको जीवनचक्र शोषण र अतिरिक्त मुल्यको बक्रमा चलिहरन्छ। उत्पादन, उपोगिता र उपयोगको चक्रमा परिक्रमा गर्ने त्यसको कृयाकलापले संसारको हरेक ठाँउमा उसको पहुँच बनाएको छ। पुँजीका आधारहरू उत्पादनका स्रोतहरू तथा साधनहरू र उपभोक्तालाई पूर्णरूपले अधिनमा राख्दछ। विद्युतीय गतिको उत्पादन तथा साधनहरू र उपभोक्ताहरूको बजार पुर्णरूपले अधिनमा राख्दछ, विधुतिय गतीको उत्पादन तथा नक्कली प्रतिस्पर्धाद्वारा हरेक बजारमा सर्बप्रथम नियन्त्रण गदै नेपाल जस्ता तेस्रो मुलुकमा रहेका निर्वाहामुखि परम्परागत उत्पादन प्रणालीलाई पूर्णरूपमा ध्वस्त पार्दछ ति देशका आमनागरिकलाई फगत उपभोक्तामा बदल्दछ साथै त्यस्ता देशहरूको अर्थतन्त्रलाई समाप्त पादै आफ्नो अनुकुल अधिनस्थ गर्दछ।

अल्पविकसित र सिमान्तकृत जस्ता देशका सरकारहरू साम्राज्यवादी पुँजी परीचालित गर्ने दलाल केन्द्रहरूमा परिणत हुन्छन्। साथै, तिनिहरूले संस्थागत रूपमानै साम्राज्यवादको अस्तीत्व स्वीकार गर्दछन्। त्यसका कारण आफनो उत्पादन प्रणाली सामाप्त गर्दै जनताहरूलाई पूर्ण बेरोजगार तथा पहुँचवालालाई भ्रष्टाचार गर्न बाध्य पार्दछ। स्वयम् सरकार सञ्चालन गर्न र अकुत सम्पत्ति भ्रष्टाचार गर्न जनताको नाममा खरबौं ब्याज ऋण लिने त्यस्ता मुलुकहरूको भविस्य दिनप्रतिदिन संकटमा पर्दै गैरहेको छ। पुँजीवादी ब्यवस्थामा मानिसको ब्यक्तित्व भन्दा पुँजीको अस्तित्व माथि हुन्छ। मान्छेले के पढने, काहाँ बस्ने, के चढ्ने, के खाने, कस्तो जीवन बाँच्ने भन्ने जस्ता व्यक्तिगत चाहानामाथि पुँजीले नियन्त्रण गर्दछ। आफ्नो शरिरमाथि आफ्नो अधिकार समेत नरहने पुँजीवादी व्यवस्थाले संसारको भुगोल वस्तु र चिज, चाहना, समेतमा निषेध गर्दछ। पुँजी मार्फत संस्कार, व्यक्ति, भुगोल, सरकार, समुदाय देश आदि सबैमाथि साम्राज्यवादीले नियन्त्रण गर्दै शासन र शोषण गर्दछ।

साम्राज्यवादले सर्बप्रथम उत्पादन पुँजीका सबै स्रोताहरू नियन्त्रण गर्दछ, वर्तमान साम्राज्यवादको नाईके अमेरिकाको नेतृत्वमा विभिन्न पुँजीका केन्द्रहरू विविधिकरण गरेको छ। समग्रमा आफुले नेतृत्व गरेको उत्पादनका स्रोतहरू मध्ये पेट्रोलियम भण्डार, सुन खानी, तामा खानी, पितल खानी, कोईला खानी, ग्यास भण्डार आदि अन्य देशका श्रोतसाधनमा हाल अमेरिकी नियन्त्रण छ। कतिपय ठाउँमा उसको सेना राखिएको छ भने कतिपय देशहरूमा उसको श्रोतहरू उपयोगको नाममा सानो करको वाहाना र कैयौ श्रोतहरू अनेकौ वाहानामा जबरजस्ती कब्जा गरेको छ। श्रोतहरू कब्जा गरेर मुनाफा वाडफाँड गर्नको लागी सम्राज्यवादीहरूले एक आपसमा मिलेमोतो गरी विभिन्न वहुराष्ट्रिय कम्पनीहरू खोलेका छन्। जस्तै विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, युरोपीयन युनियन तथा महावाणिज्य दुतावास आदी यसका संक्षीप्त उदाहरूणहरू हुन्। सैन्य रूपमा नेटो र न्यायको नक्कली क्याम्प अन्तर्राष्ट्रिय न्यायालय तथा तिनीहरूको समग्र रूप संयुक्त राष्ट्र संघ आदि हुन्। साम्राज्यवादले यी सबै शक्तिको निर्विवाद उपयोग, परिचालन र उपभोग गर्दै आइरहेको छ। अल्पविकसित मुलुक र सर्वहारा वर्गको अस्तित्व संकटमा पर्दै गैइरहेको हालको सन्दर्भमा राष्ट्रियता, जनतन्त्र, जनजीविका



तथा राष्ट्रिय मुक्ति आन्दोलन र त्यसको समग्र रूप वर्ग संघर्ष अनिवार्य सर्त बन्न पुगेको छ। अठारौं सताब्दीमा भौतिक रूपले उपस्थित साम्राज्यवाद अहिले पुँजीवादी तत्व मार्फत संचालित छ, त्यसको अन्त्य विना मानव जातिको भविस्य नै जिवन मरणको खतरामा परेको छ।

हरेक देश, व्यक्ति, समुदाय, भुगोल र साधनमाथि उनीहरू जहाँ भएपनि उही खतराको घण्टी बजिरहेको छ। उत्पादन श्रोत कब्जा र केन्द्रीकरण गर्दै हरेक देश र नागरीकलाई आन्तरिक श्रोतबाट च्युत पार्दै लागिरहेको छ। जनताहरू गास, बास, कपासबाट भौतारीरहेको अवस्थालाई दुरूपयोग गरी साम्राज्यवादले त्यस्ता मुलुक वा देशहरूमा ब्याज मुनाफामा ऋण स्वरूप उत्पादित वस्तु, उपभोक्ता बजार र त्यसको खरिदको लागि वित्तीय संस्था सघनरूपमा परिचालित गरेको छ। अन्त्यतः त्यस्ता देशका नागरिकहरूको भूमि आफ्नो बास, स्थान, घडेरी बाहेक केही नरहने भएकोले त्यही धरौटीमा राख्दै व्याजमा ऋण परिचालन गरिएको हुन्छ, बेरोजगारी श्रोतविहिन त्यस्ता देशका नागरिकहरूको ऋणको व्याज चुलिदै गएर जब भुमि घर घडेरी लिलाम हुनेछ, त्यसदिन जनताको आफ्नो भन्नु केही रहने छैन। एकदिन सम्पूर्ण भुगोल, साधन, घर, वस्ती र वजार सबै साम्राज्यवादीको हुनेछ, आफ्नो भन्नु केही रहेन छैन साम्राज्यवादीका दलालहरू वाहेक आम नागरिकहरूको एक दिन सिद्धान्ततः देश त हुनेछ तर पुजिकेन्द्रीकरणका कारण कतै आफ्नो भन्नु शिन्को समेत रहने छैन, साम्राज्यवादका दलालहरू वाहेक त्यसदेशको हरेक ठाउँमा गाडी त हुने छ तर त्यसमा त्यस देशको नागरिकले खुट्टा राख्न पाउने छैन घर त हुनेछ त्यहा आर्थिक विना उसले बास बस्न पाउने छैन, बजार त हुने छ तर त्यहा आम जनताले सिन्को समेत उठाउन पाउने छैन, यसरी पुँजी मार्फत साम्राज्यवादले मानिसहरूमाथि दासयुगको सुरु गर्ने छ।

त्यस देशको श्रोत साधन भुमि र उत्पादनका साधन सवै साम्राज्यवादको हुनेछ। नेपाल जस्तो अल्पविकसित र सिमान्तकृत देशहरूमा जनताहरू आफ्नै देश र भुमिभित्र पराधिन हुनेछन, उनिहरूको चरित्र स्वभाविक दलाल नोफर हुनेछ। दलाल व्यापारीहरू पनी केन्द्रीकरणको संक्रमणबाट एकदिन एकाधिकार साम्राज्यवादी पुँजीवादमा ध्वस्त हुदै उनीहरूको अस्तित्व समेत पूर्ण रूपमा समाप्त हुनेछ।

साम्राज्यवादका पुँजीवादी केन्द्रहरू पुँजीका तीन रूप- उत्पादन पुँजी, वाणिज्य पुँजी र वित्त पुँजी हरेक देशको वजारमा परिचलित भएको छ, उत्पादन पुँजीले सम्पूर्ण मानिसलाई उपभोक्तामा बदल्ने छ भने बाणिज्य पुँजीले साम्राज्यवादका बहुराष्ट्रिय आर्थिक केन्द्रिकरणको कार्य गर्नेछ। वित्त पुँजीले आर्थिक हैसियत गुमाई सकेका केवल उपभोत्ता मात्र रहेका आम नागरिकहरूमा आर्थिक ऋण व्याज स्वरूप परिचालित गरि बैंकहरूद्वारा जनताको घर घडेरी लिलाम गर्दै पुँजीवादी साम्राज्यवादको एकाधिकार हरेक व्यक्ति वस्तु भुगोल तथा उत्पादका स्रोत साधनमाथि पूर्ण रूपले नियन्त्रण र केन्द्रिकरणमार्फत निषेध गर्ने छ। सम्पूर्ण संसारमा पुँजीमार्फत सामाज्यवादले निर्विवाद शासान र शोषण गर्ने छ।

हाल नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरे पश्चात खुला बजार अर्थतन्त्रमा प्रबेशसंगै आफ्नो आन्तरिक उत्पादन समाप्त र ध्वस्त पार्दै आफ्नो अस्तित्व पूर्णरूपामा धरापमा परोको छ। देशको आफ्नै बैंक नेपाल राष्ट्र बैंक बहुराष्ट्रिय वित्त कम्पनीको एक अंग र साधन बन्दै स्वयम् सरकारलाई विश्व बैंक आदिबाट ऋण जुटाईदिने एक अभिभावक र मालिक बन्न पुगेको छ। त्यसद्वारा नेपाल सरकारले बहुराष्ट्रिय कम्पनी पुँजीवादी साम्राज्यवादका सर्तहरू आम नागरिकमा लागु गर्दछ। सरकार स्वयम् साम्राज्यवादको ऋण परिचालन असुलि र जनताको धितो लिलाम गरी नागरिकको छाकवास उठाउने दलाल प्रतिनिधिको रूपमा उपस्थित हुनेछ। नेपाल राष्ट्रिय बाणिज्य बैंकले साम्राज्यवादको बजार सञ्चालन तथा पुँजी केन्द्रिकरण गर्नका लागि आर्थिक अनुशासन तथा शासन कायम राख्न अहम भूमिका खेलेको छ। औद्योगिक पुँजीवाद वा मालद्वारा बजार पूर्ण नियन्त्रण गरेको सामाज्यवादले स्वतः त्यस्ता देशका सरकारलाई गोटीको रूपमा परिचालित गरेर आफ्नो स्वार्थ सिद्ध गरिरहेको हुन्छ। न तिर नर तरवार फेरी पनि गहिरो वार भने जस्तै त्यस्ता अल्पविकसित, सिमान्तकृत र उत्पीडित सरकार जो सम्राज्यवादी दलाल प्रतिनिधिको रूपमा उपस्थित हुन्छन्। त्यस्तो नोकर सरकार र जनताहरू विच भिषण जीवनमरणको लडाई चलिरहेको हुन्छ। सहरका सबै घर जग्गाहरू यो वा त्यो वाहानामा बैंकहरूमा धितो राखिएको हुन्छ, त्यस्तैसम्पूर्ण पहाडी जग्गाहरू धरौटी राख्दै दलालहरू मार्फत साम्राज्यवादी ऋण परिचालित गरिएको हुन्छ। गरिमा, सानीमा, छिमेकी, हिमाली वा मयुर जे नामका वैंक भए पनि ती विदेशी तथा स्वदेशमा रहेका बहुराष्ट्रिय वित्त कम्पनीद्वारा परिचालित ऋणका व्याजे दलालहरू नै हुन। त्यो ऋण परिचलनमा अल्पविकसित तथा सिमान्तकृत देशका दलाल सरकारहरूको पूर्ण रूपले साझेदारी हुन्छ, यस कारण हरतरहले यो लडाई पुँजीवादी र सर्वहारा वर्गबीच तथा जनता अनि सरकारका साथै साम्राज्यवाद र समानतावादी विचारका माझ वर्ग संघर्षको रूपमा अभिव्यक्त हुन्छ। अन्ततः सम्राज्यवादले विभेद, नियन्त्रण, निषेध र केन्द्रिकरणद्वारा सरकारमार्फत सबै नागरिकलाई सियो देखि लिएर कुनैपनि वस्तु किन्नै नसक्ने ठाउँमा पुऱ्याउँछ। त्यसको विपरीत वैज्ञानिक समाजवादले अवसरमा एकरूपता, अधिकारमा स्वतन्त्रता, वितरणमा समानता, उत्पादनामा बैज्ञानिकता प्रदान गर्दछ। वर्तमान उत्पीडित राष्ट्रहरूको र सर्वहारा वर्गको न्यूनतम उद्देश्य माम, ठाम, काम र दाम हुनपर्दछ भने अधिकतम लक्ष्य क्षमता अनुसारको काम आवश्यकता अनुसारको दाम, इच्छा अनुसारको शिक्षा, सबै विमार निः शुल्क उपचार तथा आत्मनिर्णयको अधिकार आफ्नो चाहाना, आफ्नो सरोकार, न्यूनतम कार्यक्रम जनवादी राज्यव्यवस्था र अधिकतम परिणाम समाजवाद तथा साम्यवादी लक्ष्यका लागि जनतन्त्र, जनजीविका तथा राष्ट्रियता सहितको राष्ट्रिय मुक्ति आन्दोलन र त्यसको समग्र रूप वर्गसंघर्षमा मात्र उत्पीडित राष्ट्रहरूका साथै सर्वहारा वर्ग र राष्ट्रको मुक्तिमा नेपालको भविष्य निर्भर गर्दछ।

*(लेखक नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य हुनुहुन्छ।)*

## क्रान्तिकारी...

राजवीरका अनुसार लुम्बिनी प्रदेशको कोलहपुर, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको अत्तरियामा जनसभा गर्ने तयारी गरिएको छ।

लुम्बिनी प्रदेशका पार्टी सेक्रेटरी शंकुलका अनुसार दाङ, बाँके र बर्दियाको जनमास जम्मा गरेर बाँकेको कोहलपुरमा जनसभा गर्ने तयारी गरिएको छ। कार्यक्रम स्थलभन्दा टाढाका जिल्लाहरूको जिल्लाको सापेक्षतामा विकेन्द्रित रूपमा पनि जनआन्दोलन दिवस मनाउने तयारी भए पनि प्रदेश स्तरको केन्द्रिकरणमा कोहलपुरमा जनसभा गर्ने तयारी गरिएको हो। चैत्र २४ को यही जनसभालाई दक्षित गरी लुम्बिनी प्रदेशका अधिकांश जिल्लामा पार्टी, देजमो, जवस मोर्चाका भेलाहरू मार्फत् संगठन विस्तारका कामहरू भइरहेका छन्।

सुदूरपश्चिम प्रदेशका इन्चार्ज अनुकूलले प्रहरी प्रशासनले कोरोना संक्रमणलाई कारण देखाउँदै भिडभाड हुने कार्यक्रम नगर्न भने पनि कैलालीको अत्तरियामा प्रदेशस्तरको जनसभा गरिने बताउनु भयो। भारतमा तीव्र रूपमा दोस्रो लहरको कोरोना संक्रमण बढ्न थालेपछि दैनिक हजारौको संख्यामा भारत गएका नेपाली श्रमिकहरू गौरीफन्टा नाका र गड्डाचौकी नाकाबाट भित्रिरहेको र स्थानीय प्रशासनले अहिले नाका कडा गरेको अवस्थामा सापेक्षिक केन्द्रिकरणसहितको जनसभाको तयारी गरिएको बताउनु भयो।

उता कर्णाली प्रदेशका पार्टी इन्चार्ज सीपी शर्माका अनुसार सुर्खेतको विरेन्द्रचोकमा जनसभाको भव्य तयारी गरिएको छ। चैत्र २४ को जनआन्दोलन दिवसलाई लक्षित गरी प्रदेशभित्रका जिल्लाहरूमा संगठनात्मक गतिविधिहरूलाई तीव्र पारिएको छ।

'संसदीय व्यवस्थाको खारेज गरौं, संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्ष गरौं' भन्ने मूल नारा र आव्हानका साथ संघर्षकै रूपमा देशैभर जनसभा गरेर जनआन्दोलन दिवस मनाउन लागेको क्रान्तिकारी माओवादीले राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाका विकराल समस्याको वास्तविक समाधाना लागि मुलुकमा नयाँ जनवादी व्यवस्थामा अधाारित संघीय जनगणतन्त्रको स्थापना अपरिहार्य रहेको कुरामा जोड दिंदै आएको छ।

# कमरेड श्रीनाथ अधिकारी 'श्याम' संगको मेरो 'छोटो भेट गहिरो अंतरङ्ग'



● अशोक शर्मा ●

***पृष्ठभूमि***

कमरेड श्रीनाथ अधिकारी 'श्याम' नेकपा(क्रान्तिकारी माओवादी)को पोलिटव्युरो सदस्य मात्रै नभएर नेपाली वर्गसंघर्ष र कम्युनिष्ट आन्दोलनको एक इमानदार, अनुशासित, जुझारु तथा क्रान्तिकारी योद्धा समेत हुनुहुन्थ्यो। कम्युनिष्ट आन्दोलनको आफ्नो प्रारम्भिक सकृय कालदेखि जीवनको अन्तिम अवस्थसम्म उहाँ सदैव क्रान्तिकारी विचार, निष्ठा र आदर्शको उच्चतम अभ्यास सहित मालेमावादको विचारधारात्मक जगमा विकसित भएको सर्वहारा वर्गीय राजनीतिक आन्दोलनमा अविचलित ढंगले खडा हुनुभयो। आफ्नो राजनीतिको शुरुआती चरणदेखि क्रान्ति र वर्गसंघर्ष प्रतिको अटुट अस्था, उच्च वर्गप्रेम र वलिदानी भावना सहित नेपाली वर्गसंघर्षको उठान गर्ने क्राममा देशका विभिन्न भागमा राजनीतिको कर्मथलो बनाएर निरन्तर वर्गसंघर्षको मोर्चामा दृढताका साथ आजीवन खडाहुने र सकृयतापुर्वक अगाडि बढ्ने कमरेड श्रीनाथ अधिकारी कम्युनिष्ट आन्दोलनभित्रका गर्वका साथ नाम लिने सीमित नेताहरूमध्ये एक हुनुहुन्छ। विश्व सर्वहारा वर्गको मुक्ति र स्वतन्त्रताको निमित्त छदाखादाको जागिर छाडेर पुर्णकालिन राजनीतिमा होमिएर पनि आफ्नो व्यक्तिगत स्वार्थको लागि कहिल्यै चासो नदिई क्रान्ति र वर्गसंघर्षको निरन्तरताको निमित्त जीवन अर्पण गर्ने कमरेड श्रीनाथ अधिकारी नेपाली कम्युनिष्ट आन्दोलनका एक आदर्श व्यक्तित्व मात्रै होइन कि स्वयं कम्युनिष्ट आन्दोलनको आजको नयाँ पुस्ताको लागि राजनीतिको प्रेरणापुञ्ज समेत हुनुहुन्छ।

विज्ञानको विकासको गतिको नियम अनुसार जीवन र जगतमा रहेका वस्तु र घटनाक्रम विकसित र परिवर्तनशील हुन्छन। वस्तु र परिघटनाहरूको परिवर्तन संगसंगै विज्ञान र विचारको पनि विकास हुने गर्दछ। विज्ञानको विकास सोझो र सरल रेखावाट संभव हुदैन। यो त मानव समाज र चराचर जगतमा पैदाहुने विपरित तत्वहरू विच चल्ने भीषण द्वन्द्व, टक्कर र संघर्षको विचवाट विकास हुने गर्दछ। प्रतिस्पर्धात्मक तथा स्वच्छन्द पुँजीवादी युगमा सर्वहार वर्गको सर्वहार वर्गीय अधिनायकत्व सम्वन्धि समग्र रणनीति र कार्यनीति सर्वहारा वर्गीय भीषण संघर्षको आधीमय प्रक्रिया जन्मिएको मार्क्सवाद वर्गसंघर्षको बिचवाट विकाश हुँदै आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा आइपुग्दा मार्क्सवाद-लेनिनवाद-माओवादको चरणमा विकास भएको छ। तसर्थ मालेमावादको आधारभुत र सार्भभौमिक सैद्धान्तिक तथा दार्शनिक मूल्य मान्यता सहितको विचारधारात्मक मार्गदर्शनमा विश्वसर्वहारा राजनीतिको समग्र रणनीतिक र कार्यनितिको रक्षा प्रयोग र विकास गर्नु आजका संसारभरिका मालेमावादी तथा सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको दाईत्व हो। यो दाईत्व बहन गर्न कमरेड श्रीनाथ अधिकारी जीवनपर्यन्त लागि पर्नुभो। उत्पादनको लागि संघर्ष, वर्ग संघर्ष र वैज्ञानिक प्रयोग संवन्धि मालेमावादको सार्वभौम नियमलाई नेपाली समाजको वर्गसंघर्षयुक्त ठोष विषेशतामा लागू गर्ने सवालमा कमरेड श्रीनाथ अधिकारी 'श्याम' कहिल्यै दायाँबायाँ हुनु भएन।

***बाल्यकाल, पारिवारिक अवस्था र शिक्षा***

कमरेड श्रीनाथ अधिकारीको बाल्यकालले अभाव र गरिवीको त्यति ठूलो महशुस गरेको बुझिदैन। त्यो ताका उहाँको परिवार गाउँको सम्पन्न परिवारमा गनिन्थ्यो। आर्थिक र शैक्षिक रूपले सबल परिवारमा वि.स. २००९ साल भाद्र ९ गते बुवा डालचन्द्र अधिकारी र आमा सरस्वती अधिकारीको दोस्रो सन्तानको रूपमा गोर्खा जिल्ला अजिकोट गाउँपालिका वडा न. ३ साविक हंसपुर गाविस लप्सीवोटमा कमरेड श्रीनाथ अधिकारीको जन्म भएको थियो। उहाँका श्रीमती राधिका अधिकारी छोराहरू निश्चल अधिकारी, उत्तम अधिकारी र उज्ज्वल अधिकारी तथा छोरीहरू शुशिला र सकुन्तला हुनुहुन्छ भने भाइ जीवनाथ अधिकारी, दिदी दमन्ता र बहिनीहरू सीता र शान्ता हुनुहुन्छ। उहाँले कक्षा १ देखि कक्षा ८ सम्म गाउँको स्कुल ज्ञान ज्योति निम्न माध्यमिक विद्यालय तथा कक्षा ९ र १० अमरज्योति माध्यमिक विद्यालय लुइँटेलमा अध्यायन गर्नु भयो। वि.स. २०३० सालमा एस.एल.सी. उतिर्ण भएपछि उहाँले २०३१ सालदेखि २०३३ सालसम्म गाउकै स्यार्तन प्रा.वि. र मुलडाँडा प्रा .वि. मा अध्यापन गर्नु भयो। दुई वर्षको अध्यापन पछाडि २०३३ सालदेखि २०३५ सालसम्म पाटनको पुलचोक ईन्जिनियरिङ क्याम्पसमा अध्यायन गर्नु भयो। यहि समयमा २०३४ सालमा उहाँले कमरेड डि. आर. पोखरेल मार्फत तत्कालीन नेकपा (चौथो महाधिवेशन)को सदस्यता लिनु भयो भने २०३५ देखि २०३६ सालिम्म उहाँले चितवनको नारायणी सिन्चाई परियोजनामा जागिर खानुभयो। राजनीतिक आन्दोलनप्रति लगाब बढ्दै जाने क्रममा २०३६ सालमा उहाँले जागिर छाडेर राजनीतिमा पुर्णकालिन हुनुभयो र उहाँको पुर्णकालिन राजनीतिको सिलसिला जीवनपर्यन्त कायम रहयो।

***राजनीतिक जीवनको अनेकौं मोडहरू***

राजनीतिको प्रारम्भिक कालदेखि नै कमरेड श्रीनाथ अधिकारी पुर्णकालिन कार्यकर्ताको रूपमा सकृय हुनुभयो। राजनीतिक हिसाबले आमुल परिवर्तनको सपना सहित खाँदैगरेको जागिर समेत छोडेर पुर्णकालिन राजनीतिमा लागेको ४ वर्ष पुग्दा नपुग्दै तत्कालीन नेकपा चौम विभाजित हुनपुग्यो नेकपा चौमवाट कमरेड निर्मल लामाहरू विभाजित भएपछि भएको पाचौं महाधिवेशनले कमरेड किरण को नेतृत्वमा नेकपा मसाल निर्माण गर्यो। तर फेरि दुई वर्ष वित्दा नवित्दै नेकपा मसालमा पनि विभाजन आयो। कमरेड मोहन विक्रम सिंहको नेतृत्वमा पातलो मसाल बन्यो। कमरेड श्रीनाथ अधिकारी कमरेड किरण नेतृत्वको मोटो मशालमा सकृय हुनुभयो। उहाँ लगायत कमरेड बाचस्पती देवकोटा, कमरेड सुरेश वाग्ले, भक्ति लामिछाने, कमरेड हितराज पाण्डे लगायतको सकृयतामा गोर्खामा व्यापक संगठन विस्तार भयो। वि.सं २०४६ सालको जनआन्दोलन पश्चात् नेकपा मशाल, नेकपा चौम, सर्वहारावादी श्रमिक संगठन, र विद्रोही नेकपा मसाल समेतको एकता भयो र नेकपा(एकताकेन्द्र) निर्माण भयो। नेकपा (एकताकेन्द्र) ले संयुक्त जनमोर्चाको नामवाट २०४८ सालको संसदीय निर्वाचन उपयोग गर्ने नीति बमोजिम कमरेड श्रीनाथ अधिकारी गोर्खा निर्वाचन क्षेत्र न. १ वाट नेपाली काङ्ग्रेसका प्रभावशाली नेता चिरञ्जीवी वाग्ले संग प्रतिनिधि सभा निर्वाचनमा चुनाव लड्नु भयो। काङ्ग्रेसको दमन हस्तक्षेप र धाँधलीका बावजुत क्षेत्र न. १ मा उहाँ र क्षेत्र न. २ मा कमरेड शुरेश वाग्ले 'वाशु' दुबैजना झीनो मतले पराजित हुनुभयो।



उहाँहरूको पराजयका बाबजुद तत्कालीन संयुक्त जनमोर्चाले देशभरिवाट ९ सिट प्रतिनिधि सभामा विजय हासिल गरेको थियो। तत्कालीन समयमा संसद उपयोग गर्ने नीति अनुरूप संयुक्त जनमोर्चाको नाममा संसदमा प्रतिनिधित्व गरेको तत्कालीन नेकपा (एकताकेन्द्र) ले २०५० सालमा महाधिवेशन गरि नेकपा(माओवादी) मार्फत गाउँले सहरलाई घेर्ने रणनीति अन्तरगत दीर्घकालिन जनयुद्धको कार्यदिशा पास गर्दै २०५१ सालको संसदीय चुनाव बहिष्कार गर्यो र २०५२ साल फाल्गुन १ गतेवाट जनयुद्ध सुरु गर्यो।

तत्कालीन नेकपा ( माओवाद) ले नेतृत्व गरेको महान जनयुद्धको प्रकृयामा कमरेड श्रीनाथ अधिकारी सकृयतपुर्वक लाग्नु भयो। गोरखा, वाग्लुङ, रूपन्देही र चितवन लगायतका विभिन्न जिल्लहरूको समेत पार्टी संगठनको कुशलतापुर्वक नेतृत्व गरिसकेका कमरेड श्रीनाथ अधिकारीको २०५८ सालमा सेर बहादुर देउवाको सरकारले कमरेड किरण, प्रचण्ड, बाबुराम भट्टराई कमरेड गौरब र बालदहरू संगसंगै टाउकाको मूल्य तोक्यो। जनयुद्धको आधीमय र भीषण संघर्षको जस्तोसुकै कठिन मोडमा पनि धैर्यता र सकृयतापुर्वक अगाडि बढ्ने स्वभावका अविचलित सारथि तथा नेपाली क्रान्ति र वर्गसंघर्षका अथक योद्धा कमरेड श्रीनाथ अधिकारी 'श्याम' तत्कालीन नेकपा (माओवादी)को २०६४ सालमा मात्र केन्द्रीय सदस्य हुनुभयो। सायद नेतृत्वको दायाँबायाँ गर्ने र व्यक्तिगत स्वार्थ अनुरूप नेतृत्वको वरिपरि गोल्चक्कर लगाउने स्वभाव नभएकै कारण हुनसक्छ २०३४ सालवाट पार्टीको संगठित राजनीति सुरु गरि अर्को वर्षदेखि लगातार पुर्णकालिन राजनीतिमा होमिएर वर्गदुश्मनका हरेक आक्रमण र निषेधात्मक दमन विरुद्ध दृढताका साथ प्रतिवाद गर्दै अगाडि बढेका अविचलित संघर्षरत क्रान्तियोद्धा कमरेड श्रीनाथ अधिकारी आफु भन्दा धैरै जुनियर साथीहरू केन्द्रीय सदस्य भएपनि आफु केन्द्रीय समितिमा मनोनित हुन सक्नु भएन। विभिन्न कारणले समयमै पार्टीको नेतृत्व तहमा कमरेड श्रीनाथ अधिकारीहरू नपुग्नुको दुःखद परिणाम अन्ततः माओवादी आन्दोलनले समयक्रमा भोग्यो। तत्कालीन नेकपा माओवादीको मुल नेतृत्वमा दक्षिणपन्थी विचलन देखापर्यो। नव संशोधनवादको दलदलमा फसेको नेतृत्वले अन्ततः चुनवाङ बैठक मार्फत नयाँ जनवादी क्रान्तिको कार्यदिशा परित्याग गरि लोकतान्त्रिक गणतन्त्र स्वीकार गर्यो।

कमरेड किरण र कमरेड गौरब लगायत देशभरका क्रान्तिकारीलाई पक्राउ गराई भारतीय जेलमा राखेर प्रचण्ड बाबुराम र बादलहरूले चुनवाङ्ग बैठक मार्फत बुर्जुवा लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा परित्याग गरि अन्ततः दिल्ली संझौता मार्फत देशी विदेशी प्रतिक्रियावादी शक्तिहरू सामु आत्मसमर्पण गरे। यसरी महान जनयुद्ध र त्यसका पवित्र उदेश्यप्रति गद्दारीपूर्ण धोकाधडी गर्दै विस्तृत शान्ति संझौताको नाममा जनमुक्ति सेना, जनसरकार र जनताको अदालत विघटन गर्दै सेना समायोजन मार्फत प्रतिक्रियावादीहरूलाई हतियार बुझाउने काम गरे।

शान्ति प्रकृयापछि कमरेड किरण र कमरेड गौरब लगायत भारत र नेपालको जेलमा थुनिएका क्रान्तिकारीहरू बाहिर आएपछि पार्टीभित्र दक्षिणपन्थी अवसरवाद, वामपन्थी विसर्जनवाद र नव संशोधनवादको विचमा भीषण दुइलनन संघर्ष शुरु भयो। कमरेड श्रीनाथ अधिकारी 'श्याम' यो दुइलाइन संघर्षमा सदैब कमरेड किरणले नेतृत्व गरेको क्रान्तिकारी लाइन र विचार समुहमा सामेल हुनु भयो। भीषण दुइलाइन संघर्षको विचवाट २०६९ सालमा कमरेड किरणको नेतृत्वमा प्रचण्ड बाबुरामको दक्षिणपन्थी अवसरवाद, तथा नव संशोधनवाद विरुद्ध विद्रोह गरि नेकपा-माओवादी पुनःगठन हुदा कमरेड श्रीनाथ अधिकारी 'श्याम' क्रान्तिकारी विचार र राजनीतिको पक्षमा खडा हुनु भयो। क्रान्तिकारी एकता र ध्रुवीकरणको नियमित प्रक्रियामा नेकपा- माओवादी र नेकपा एकीकृत विचको एकता पछि निर्माण भएको नेकपा(क्रान्तिकारी माओवादी) को पोलिटव्युरो सदस्य तथा ४ न. प्रदेश सेक्रेटरीको जिम्मेवारी बहन गर्नुभयो। उपयुक्त प्रकारको राजनीतिक सांगठनिक जिम्मेवारी सहित सकृयता पुर्वक पार्टी र संगठनात्मक प्रक्रियामा सामेल हुने क्रममा उहाँ क्यान्सर जस्तो प्राणघातक रोगको सिकार हुनु भयो र उपचारको क्रममा २०७६ साल असार २२ गते ललितपुरको हरिसिद्दि स्थित क्यान्सर हस्पिटलमा उपचारको क्रममा उहाँको दुःखत र वियोगान्त निधन हुन पुग्यो।

माथिनै पर्याप्त चर्चा गरिसकियो कि कमरेड श्रीनाथ अधिकारी 'श्याम' ले आफ्नो राजनीतिको प्रारम्भ देखि जीवनको अन्तिम स्वस फेर्दासम्म मालेमावादप्रतिको अटुट अस्था कायम राख्नु भयो। सर्वहार वर्गीय राजनीतिक आदर्शवाट उहाँ कत्तिपनि विचलित हुनुभएन। क्रान्ति र वर्गसंघर्षको चुनौपूर्ण यात्रका कुनैपनि कष्टकर मोडहरूमा पछाडि फर्कने कायरता प्रकट गर्नु भएन। क्रान्तिकारी आस्था निष्ठा र प्रतिबद्धता सहित क्रान्तिकारी आसावादको राजनीतिक जिजिविषा उहाँले कहिल्यै मर्न दिनु भएन। व्यक्ति परिवार र नीजि स्वार्थभन्दा माथि उठेर सबै परिवारलाई समेत सम्पूर्ण रूपले राजनीतिकरण गरि सर्वहारा आन्दोलनको पक्षमा आफुलाई समर्पित गर्न सफल हुनुभयो। यस हिसावले समग्रतामा भन्नू पर्दा कमरेड श्रीनाथ अधिकारी 'श्याम' संधै क्रान्तिकारी विचार, संगठन, सर्वहार वर्ग र उसको मुक्तिको निमित्त निरन्तर संघर्षरत हुनुभयो। यस दृष्टिकोणबाट हेर्दा कमरेड श्याम आफ्नो संपूर्ण जीवनकाल भरि क्रान्ति, वर्गसंघर्ष र आमुल परिवर्तनको पक्षमा निरन्तर सकृय भइरहन सक्ने सीमित र महान मान्छेहरूमध्ये एक हुनु भयो। यो नै साँचो अर्थमा उहाँको जीवनको एक राजनीतिक सौन्दर्य हो।जुन शौन्दर्यताको हक इतिहासमा थोरै मान्छेले मात्रै राख्न सक्दछन।

***कमरेड श्याम संगको मेरो व्यक्तिगत संवन्ध***

व्यक्तिगत हिसावले कमरेड श्रीनाथ अधिकारी 'श्याम' संगको मेरो असाध्यै छोटो संगत रहेको छ। म जन्मनु भन्दा चार वर्ष अगाडिदेखि राजनीतिमा सकृय कमरेड श्याम संगको मेरो अन्तरङ्गीय संवन्ध स्थापित भएको भनेको उहाँ क्यान्सरको बिरामी भएर उपचारको क्रममा बिपि कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा भर्ना हुनुपर्ने भएपछि नै हो। उहाँसंग अलि बाक्लो भेटघाट र सघन छलफल हुन थालेको चाहिँ २०६४ साल कार्तिकवाट नै हो। २०६४ साल कार्तिक २ गते हाम्रो पार्टी नेकपा क्रान्तिकारी माओवादी चितवनको पहलकदमीमा गोर्खा र चितवन दुबै जिल्लाको कम्युनिष्ट आन्दालन र पार्टीका संस्थापक तथा हाम्रो पार्टीका सल्लाहकार कमरेड जगत बहादुर श्रेष्ठको नागरिक अभिनन्दन मुल समारोह समितिको गठन गर्दादेखि नै हो। उक्त समितिको संयोजक कमरेड श्यामकै भान्जा दाई कमरेड यमुना प्रसाद न्यौपाने हुनुहुन्थ्यो भने म सह- सम्योजक थिए। कमरेड श्यमले उक्त समितिको सदस्यको रूपमा रहेर हामीलाई सहयोग पुर्याउनु भएको थियो। त्यस यता उहाँसंग बारम्बार हार्दिकतापूर्ण भेटघाट र सौहार्दपूर्ण छलफल भइरहने गर्दथे।

पछिल्लो पटक २०७५ साल मंसिर ५ गते म नेकपा (क्रान्तिकारी माओवादी) चितवन जिल्ला कार्यलयमा बसिरहेको थिए। करिब दिनको १२.०० वजे तिर कमरेड श्याम कार्यलय प्रवेश गर्नु भयो। दिनभरि दुःखसुखका अन्तरङ्गीय कुरा भए। क्रान्ति र परिवर्तनको अन्दोलनमा हुने गद्दारी र त्यसवाट क्रान्तिलाई जोगाउन खेल्नुपर्नु भुमिका सम्वन्धि आफ्ना लामा अनुभवहरू उहाँले सेयर गर्नुभयो। चुरोटसंगको आफ्नो लामो प्रेमसम्वन्ध तोडेको कारण आफु स्वस्थ र स्फुर्त हुदै गएपनि लगातार खोकि लाग्ने र स्वर बसेको कुरा बताउनु भयो। गफैगफमा पत्तै नपाई छोटो दिन ४.०० बजेछ। मंसिर ७ र ८ गते बुटवलमा हुने पश्चिम व्युरोको बैठकमा भागलिन हिडेको बताउदै भोलिपल्ट ६ गते बेलुका बुटवल पुग्नु पर्ने आफ्नो सेड्युल पेस गर्दै आज माइलो छोरा उत्तम अधिकारीको घर भरतपु १४ जाने भन्दै विदा हुनु भयो। मंसिर १२ देखि १७ गतेसम्म बुटवलमा हुन गइरहेको पार्टीको केन्द्रीय समितिको बैठकको लागि उहाँ पोखरा वाट चितवन हुदै त्यतातिर लाग्नु भएको थियो।

२०७५ साल मंसिर १७ गते बुटवलमा केन्द्रीय समिति बैठक समापन भएपछि उहाँ आफ्नो कार्यक्षेत्र ४ न. प्रदेश तर्फ लाग्नु भएछ। तर उहाँको खोकीलाग्ने र खाँसो लाग्ने समस्य बढ्दै जादा बोल्न अफठ्यारो हुदै गएपछि पोखराको मणिपाल अस्पतालमा जचाउनु भएछ। त्यहाँ डाक्टरले फोक्सोको क्यान्सरको आशंका गरि भरतपुर क्यान्सर अस्पताल लैजाने सल्लाह दिएपछि उहाँ र जेठो छोरो कमरेड नारायण अधिकारी 'निश्चल' (जो नेकपा क्रान्तिकारी माओदीको केन्द्रीय सदस्य सदस्य समेत हुनुहुन्थ्यो) चितवन आउनु भयो। उहाँहरू उपचारको क्रममा चितवन आउदै गरेको खवर २०७५ साल पौष १९ गते ११ तिर मैले थाह पाएँ। त्यसपछि उहाँहरूको प्रतिक्षामा बस्दा बस्दै कमरेड निश्चल र उहँ करिव साडे दुई बजे तिर हाम्रो संपरकमा आईपुग्नु भयो। त्यसपछि उहाँ( कमरेड श्याम) कै इच्छाअनुसार चितवनको नारायणी सामुदायिक हस्पिटलमा गएर डाक्टर भक्तमान श्रेष्ठलाई देखाइयो। डाक्टर भक्तमानले क्यानसर चौथो स्टेजमा पुगेको आशंका सहित चितवन हस्पिटल प्रा. लि. मा गएर डाक्टर विनय ठाकुरलाई जचाउन भन्नू भयो। हामी निराश मुद्राम चितवन हस्पिटल तिर लाग्यौं र डाक्टर विनय ठाकुरलाई देखायौं। उनले पनि उहाँको फोक्साको क्यान्सर चौथो स्टेजमा प्रवेश गरेर फोक्सोवाट संक्रमण सहित क्यान्सर घाटीको स्वासनली र अन्ननली सम्म फैलिएको बताएपछि हामी थप निराश बन्न पुग्यौ। यसरी डाक्टर भक्तमान श्रेष्ठ र चितवन हस्पिटल प्रा.लि. का डाक्टर विनय ठाकुरको रिपोर्टवाट निराश भएका कमरेड नारायण अधिकारी लगायत हामी उक्त दिन रात परेको कारण भोलीपल्ट थप सल्लाह गरेर अगाडि बढ्ने अठोट सहित छुट्यौं।

*क्रमश......*

---

## अखिल..

बुधबार महेन्द्रनगर स्थित होटेल बाह्सिंहमा जनक अवस्थीको संयोजकत्वमा ११ सदस्यीय जिल्ला भेला आयोजक समिती गठन गरेको हो। अखिल क्रान्तिकारी सुदूरपश्चिम संयोजक पुष्कर भट्टले कञ्चनपुरमा ११ सदस्यीय जिल्ला भेला आयोजक समिती चयन गरीएको जानकारी दिए। समितीमा टेक नेपाली सह संयोजक चयन भएका छन्। त्यस्तै सदस्यमा वशन्त भट्ट, नवराज पन्त, दलराम ठकुल्ला, नागेन्द्र जोशी, देवराज ओझा, रविन्द्र पन्त चयन गरीएका छन्। अन्य थप ४ सदस्य पछि थप्ने गरी आज ११ सदस्यीय जिल्ला भेला आयोजक समिती गठन गरीएको अखिल क्रान्तिकारीका प्रदेश संयोजक जोशीले बताए। उनले जिल्ला भेला छिट्टै तोक्ने गरी समितीले काम गर्ने बताए। त्यस्तै आयोजक समिती गठन पछि अखिल (क्रान्तिकारी)ले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अखिल (क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरी कृष्ण गजुरेलले अबको बिकल्प जनगणतन्त्र स्थापना गर्दै बैज्ञानिक समाजवाद स्थापना गर्ने लक्ष्य रहेको बताए। मुलुकलाई राजनितिक अस्थीरता तर्फ धकेलीरहेका वर्तमान सत्ताधारीहरू अब धेरै टिक्न नसक्ने उनले बताए। उनले जसका लागी अखिल (क्रान्तिकारी)ले अबको नेत्तृत्व लिने उनले बताए। पत्रकार सम्मेलनमै बोल्दै उनले पुष्पकमल दाहाल प्रचण्ड 'निकम्मा' भएका आरोप लगाएका छन्। मुलुकमा आज डरलाग्दो स्थिती सृजना हुनुमा पुष्पकमल दाहालको ठुलो संड्यन्त्र रहेको उनले दाबी गरे। नेकपालाई अदालतले अहिले पुरानै अवस्थामा ल्याइदिएपछि उनिहरूको जस्तो बेहाल कसैको नभएको उनले बताए। आपसी समझदारी गर्न नसक्ने यी दलालहरूले मुलुकलाई अस्थिरता तर्फ धकेलेको उनले बताए।

अहिले मुलुकलाई विकासका नाममा विनास, समृद्धका नाममा उधम गतिमा लगेको उनले आरोप लगाए। उनले भने,-' सबै भन्दा अचम्मको कुरा त प्रचण्ड जस्तो सुकै नाकट गर्न पनि तयार रहने।'

'प्रचण्ड त दिनमै १० चोटी कुरा फेर्ने, उहात अचम्मको मान्छे हुनुछुन्छ। उहाको त घण्टा घण्टामा कुरा फेर्नुहुन्छ, उहा जस्तो दुई जिब्रे निकम्मा कोही छैन्।' प्रचण्डले भाषणमा केपीओलीले माधवलाई आफ्नो कार्यकर्ता भन्ने गरेको भाषण गर्ने गरेका उनले बताए। तर वास्तविकता भने उहा आफै माधव नेपाल र झलनाथ खनालको कार्यकता भएको उनले आरोप लगाए। दश वर्षको जनयुद्धको नेतृत्व आज कुन अवस्थामा पुग्यो ? उनले भने-'क्रान्तीको नायक आज खलनायकमा बदलिएको छ।'

उनले अबको नेतृत्व अखिल (क्रान्तिकारी)ले गर्ने बेला आएको बताए। शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्ने उनले बताए। सर्वसुलभ र जनताको पहुँचमा हुनुपर्ने उनले जिकिर गरे। अहिलेको शिक्षा दलाल, भ्रष्ट र शैक्षीक माफियाहरूको नियन्त्रणमा रहेको आरोप लगाए। उनले शैक्षीक क्षेत्रको समग्र बिकासका लागी शिक्षा र स्वास्थ्य पुर्ण रूपमा निःशुल्क गर्नका लागी अखिल (क्रान्तिकारी) संघर्षरत रहेको बताए।

# नेपालमाथि 'नेहरु–बक्रदृष्टि'



प्रा.माणिकलाल श्रेष्ठ

*सन् १९५० मा नेपाल र भारतीय सरकारबीच गरिएको सन्धिमा भाषा नै यति चलाखीपूर्ण तरिकाले राखिएको छ कि त्यो असमान छ भनेर उजुरी गर्ने ठाउँ नै छैन । त्यो सन्धिलाई असमान भन्ने कसरी ? त्यस सन्धिमा ...नेपाल र इण्डियाका प्रधानमन्त्रीले समय-समयमा भेटेर एउटै साझा नीति लिने, इण्डिया र नेपालको सुरक्षा स्वार्थ यति नजिक छ कि नेपाल र चीनको बीचमा कुनै राष्ट्रिय सीमा नै छैन*

***प्रसंग- एक***

राणा शासनको पालामा जुद्ध शमशेरले सन् १९३७ जर्मनको हिटलर सरकारलाई नेपालमा खानीको अनुसन्धान गर्नुपर्‍यो भन्दै एकदमै दक्ष खानी विशेषज्ञहरू पठाइदिन अनुरोध गर्‍यो । नेपालले भने अनुसार दक्ष इन्जिनियरहरू जर्मनले पठायो । उनीहरूले मुख्यतः उपत्यकाभित्र खानीको स्थितिबारे अध्ययन गरे । त्यही क्रममा स्वयम्भू र शोभाभगवतीको बीचमा चट्टानमुनी थोरै मात्रमा सुन खानी छ भन्ने पत्ता लगाए । तर चट्टानभित्र भएकाले सुनको मात्राभन्दा चट्टान फोर्न नै खर्च धेरै लाग्ने भएकोले ती उनीहरूले नखन्न सल्लाह दिए । तर उनीहरूले भनेको कहाँसम्म मिल्ने रहेछ भनेर जुद्ध शमशेरले खन्न लगायो । सुन खानी पनि भेट्टियो । तर सुनको मात्रा थोरै रहेकोले उत्खनन् गरिएन । यही बीचमा दोस्रो विश्व यद्ध १९३९ मा सुरु भयो । त्यही क्रममा जर्मन र इङ्गलैण्डबीच युद्ध भयो, जुद्ध शमशेर(नेपाल)ले चाहिं इंगलैण्डको पक्ष लिए । र, ती आफैले मगाएका दुई जना जर्मन इन्जिनियरहरूलाई पक्रेर इङ्गलैण्डलाई बुझाइदिए । नेपाल र जर्मनबीच युद्ध भएको भए त यस घटनालाई स्वभाविक मान्न सकिन्थ्यो । तर इङ्गलैण्ड र जर्मनबीच लडाईं हुँदा त्यसमा नेपाल मुछिनु अन्तराष्ट्रिय कानुन विपरीत थियो । त्यतिखेर हिटलरले नेपाललाई एउटा चिठ्ठी पठाएको थियो । त्यस चिठ्ठिमा नरम भाषा प्रयोग गरिएको थियो । भनिएको थियो, 'इङ्गलैण्डको जर्मनसँग लडाईं भयो । यस लडाईमा चर्चिललाई मित्र र हिटलरलाई किन शत्रु ठान्नु भयो ? जर्मनको त नेपालमा सँधै राम्रो सम्बन्ध छ नी ।' जुद्ध शमशेरले लेखी पठाएको त्यसको जवाफमा उल्लेख थियो, 'हाम्रो जर्मनुसँग कुनै झगडा छैन । चर्चिल र हिटलरमा दुवै हाम्रा लागि समान हुन् । तर, पनि हाम्रो परराष्ट्र नीतिको मुख्य आधार भनेको दिल्लीमा जसको शासन छ, उसकै पछि लाग्ने हो । दिल्लीको शासनमा तपाईंहरू बसेको भए हामी पनि तपाईंहरूकै पक्षमा हुन्थ्यौ ।'

दिल्लीको शासनमा जो आउँछ, उसको पक्षमा लाग्ने नै हाम्रो परराष्ट्र नीति हो भनेर जुद्ध शमशेरले भने । अहिलेसम्म पनि नेपालको परराष्ट्र नीति यो मान्यताभन्दा पर जान वा स्वतन्त्र ढंगले तय हुन सकेको छैन । ००७ सालदेखि अहिलेसम्म पनि त्यही नीतिले निरन्तरता पाईराखेको छ । त्यसो हुनुमा विशेष भुमिका जवाहरलाल नेहरू कै हो ।

***प्रसंग–दुई***

भारत सन् १९४७ अगष्ट १५ मा स्वतन्त्र भयो । भारत अंग्रेजले छोडेर जाने भएपछि अन्तरिम कालमा भारतकै प्रतिनिधिहरले सरकार बनाए तर ब्रिटिस कै अधिनमा हुने गरी । 'ब्रिटिस गभर्नमेन्ट अफ इण्डिया' भनेर स्वतन्त्रताका लागि लडिरहेका दुईवटा पार्टी 'इण्डियन नेश्नल कंग्रेस' र 'इण्डियन मुश्लिम लीग'को संयुक्त सरकार बनाइयो । जवाहरलाल नेहरूलाई प्रधानमन्त्री र याकत अलिखानलाई उपप्रधानमन्त्री बनाए । सायद त्यो सरकार राम्रोसंग चलाएको भए इण्डिया टुक्रिने थिएन । लियात अलि खानले 'इण्डियालाई फेडेरेसन बनाऔं, जुन जुन इलाकामा मुश्लीमहरू छन्, तिनीहरूको अलग-अलग प्रान्त बनाऔं भन्ने प्रस्ताव गरेका थिए । तर गान्धी र नेहरूले धर्मको आधारमा राज्य बनाउँदा त प्रजातान्त्रिक मूल्यमान्यता विपरीत हुन्छ भन्दै नेहरूले भाषाको आधारमा राज्य बनाउने प्रस्ताव गरे । तर त्यसमा लियात अलि खान नमाने पछि अन्ततः इण्डिया विभाजन भएर नयाँ मुलुक पाकिस्तान हुन पुग्यो ।

***प्रसंग–तीन***

त्यसवेला, जतिवेला इण्डिया पूर्णरूपले स्वतन्त्र भएको नै थिएन, ब्रिटिसको अन्तरिम सरकारकै पालामा नेपाललाई जवाहरलाल नेहरूले भनेका थिए, 'अब अंग्रेजले छोडेर जाने भो, अब इण्डियन सरकार आउने भयो, त्यसैले ब्रिटिस र नेपालको बीचमा जुन सन्धि भएको थियो, त्यसलाई निरन्तरता दिनुपर्दछ । 'नेपाली गोर्खाहरू ब्रिटिस गोर्खामा भर्ना हुने, ब्रिटिस इण्डिया सरकारले पठाएको सामान नेपालमा भन्सार अरु देशको भन्दा सस्तो हुने गरी लिने आदि' । त्यही बेलादेखि नेपाललाई नेहरूले सेमी कोलानी (अर्ध-उपनिवेश) बनाउन खोजेका नै थिए । तर नेपालमा रहेका तत्कालीन राणा शासक मोहन शमसेरले केही गन्यमान्यसंग सल्लाह लिएर इण्डियाका कारण तत्कालीन समयमा नेपालमा रहेको ब्रिटिस दुतावास पनि स्वतः इण्डियाको भएको दावी हुन सक्ने भएकाले मोहन शमशेरले कुटनीति चलाखीका साथ त्यसलाई इङ्लैण्डको दुतावास बनाउने र फ्रैन्च, अमेरिकनको पनि राख्ने र साथमा इन्डियाको पनि राखिदिने सोच बनाए । त्यसो गर्दा इण्डियाले यी बिश्वशक्तिको विरोध नै गर्न नसक्ने मोहन शम्शेरको विश्लेषण थियो । जवाहरलाल नेहरूले विरोध त गर्न सकेनन् तर के कुरामा जोड दिए भने इण्डिया र नेपालको सुरक्षालगायतका विषयमा यति स्वार्थ नजिक छ कि नेपालले भारतीय प्रधानमन्त्रीसंग बेलाबेलामा सल्लाह गरेर मात्र आफ्नो परराष्ट्र नीति तय गर्नु पर्दछ । आफू प्रधानमन्त्री हुने बित्तिकै मोहन शम्शेरलाई भारत भ्रमणको निम्तो दिए । मोहन शम्शेरलाई भारतले फकाएर, घुर्क्याएर वा धम्क्याएर जे गरेर भए पनि आफ्नो पक्षमा लिन खोजेको थियो । उसले मोहन शम्शेरलाई भन्यो, 'चइनिजहरू तिब्बतमा आइसके, त्यसबाट नेपाल र भारत दुवैलाई खतरा छ, त्यसैले हामी होशियार भएर चीनलाई रोक्नुपर्छ, नत्र पहिले नेपाललाई खत्तम पारेपछि मात्र इण्डियामा पस्छ ।' जवाफमा मोहन शम्शेरले भने, 'सुरुदेखि आजसम्मको इतिहासमा नेपाललाई उत्तरतिरबाट कहिल्यै पनि खतरा भएको छैन । चइनिज सम्राटको पालामा १७९२ मा लडाईं हुँदा नेपाल हारे पनि नेपालको कुनै पनि भू-भाग उनीहरूले लिएनन् । तर ब्रिटिशले इण्डियालाई त उपनिवेश बनायो नै नेपालमाथि पनि हमला गरेर हारेपछि कैयौं भू-भाग गुमाउनु पर्‍यो ।' नेहरूले उत्तरबाट खतरा छैन भन्नुको मतलव दक्षिणबाट खतरा छ भन्न खोजेको अर्थमा बुझे र रिसाएर त्यसो भए इण्डिया र नेपालबीच एउटा नयाँ सन्धि गर्नुपर्छ भन्दै त्यसका लागि दबाब दिए । सन्धिका निम्ति तयार नहुने हो भने राणाविरोधी शक्तिलाई उचालेर राणा शासननै उडाइदिने धम्की दिए । आफ्नो सत्ता जोगाउनलाई राणाहरू पनि सन्धिका निम्ति तयार भए । सन्धि पनि गरे । तर पछि इण्डियाले कांग्रेसलाई उठाएर राणाविरोधी आन्दोलन पनि चर्कायो ।

***प्रसंग–चार***

सन् १९५० मा नेपाल र भारतीय सरकारबीच गरिएको सन्धिमा भाषा नै यति चलाखीपूर्ण तरिकाले राखिएको छ कि त्यो असमान छ भनेर उजुरी गर्ने ठाउँ नै छैन । त्यो सन्धिलाई असमान भन्ने कसरी ? त्यस सन्धिमा 'नेपाल र इण्डियाका प्रधानमन्त्रीले समय-समयमा भेटेर एउटै साझा नीति लिने, इण्डिया र नेपालको सुरक्षा स्वार्थ यति नजिक छ कि नेपाल र चीनको बीचमा कुनै राष्ट्रिय सीमा नै छैन । चीन र नेपालको बीचमा त हिमालय श्रृंखला छ । तर नेपाल र इण्डियाको बीचमा केही पनि छैन । त्यसकारण इण्डिया र नेपाल दुवैतिर केही भयो भने त्यसको प्रत्यक्ष असर दुवैतिर पर्छ । त्यसैले कानुनी रूपमा स्थापित सरकारलाई कसैले हटाउन खोज्यो भने इण्डियाले सेना पठाएर त्यसलाई दवाउन सक्छ, भारतमा पनि त्यसो भएको खण्डमा नेपालले पनि आफ्ना सेना पठाएर दवाउन सक्छ' भनिएको छ । यसलाई कसरी असमान भन्ने तर व्यवहारिक रूपमा पूरै असमान र यो बुँदा त खतरनाक पनि छ । विगतमा नेकपा (माओवादी)को नेतृत्वमा जनयुद्ध भयो, यदि राजतन्त्रबाट ऊ सन्तुष्ट भएको भए, सन्धिको बुँदामा टेकेर सिंधै हस्तक्षेपका लागि आफ्ना सेना पठाउन सक्थ्यो । तर भारतीय सेना त के तत्कालीन राजा विरेन्द्र माओवादीका विरुद्धमा नेपाली सेना पनि परिचालन गर्न तयार भएनन् । उनले भने कि नेपाली सेना भनेको विदेशीहरूबाट राष्ट्रिय सुरक्षामाथि खतरा उत्पन्न भयो भने परिचालन गर्ने शक्ति हो । त्यसैकारण पनि विरेन्द्रको हत्यामा भारतको भूमिकालाई जोडेर विश्लेषण गर्ने गरिन्छ ।

त्यसैगरी सन्धिमा भनिएको छ, 'इण्डियनहरू नेपालमा आएर बस्दा यहाँ कुनै पनि आर्थिक कारोबार गर्दा नेपाली नागरिक सो सरह नै अधिकार हुनेछ । उनीहरूले नेपालमा कारखाना, उद्योगधन्दा संचालन गर्न पाउने, ठेक्कापट्टा लिन पाउने र नेपाली नागरिकले पनि इण्डियामा गएर सबै काम गर्न पाउने छन् ।' नेहरूले देखाउन कै लागि भए पनि इण्डियाको एउटा परियोजनान्तर्गत बाँध निर्माणका लागि चाहिने करोडौंको सिमेन्टका लागि आपूर्ति गर्ने ठेक्का नेपालमूलको नागरिकलाई दिएका थिए । तर नेपालभित्रको सबै भएभरको इण्डियाले लियो । उनीहरूले यहाँ आएर उद्योगहरू खोले, सबै कच्चा पदार्थ र सस्तो श्रमको प्रयोग गरी आफ्नो पुँजीको एकाधिकार कायम गरे । नेपाल सरकारको लगानीका उद्योगहरू कहिल्यै फस्टाएनन्, एकपछि अर्को सबै धराशायी बन्दै गए । यसर्थ, रूप पक्षमा समान देखिए पनि अभ्यास र व्याभारमा यो सन्धी पूरै असमान छ ।

***प्रसंग–पाँच***

सन्धिमा प्रावधान नै यस्तो राखियो कि कुनै पनि देशका नागरिकहरू नेपालमा आएर बसेको १५ वर्षमा नेपाली नागरिकता स्वतः पाउँछन् । चीन, जापान अमेरिका तथा वेलायत लगायतका नागरिक त १५ वर्षसम्म विनाकाम बस्दैनन् । उनीहरूको भीसाको समयावधिको वाध्यता पनि हुन्छ । तर भारतसँग त नेपालको खुल्ला सीमा छ, धार्मिक र सांस्कुतिक सम्बन्ध पनि छ । उनीहरू निर्वाधिरूपमा आएर पेशा व्यावसाय गर्न पाउने भएपछि इण्डियनहरू नै हो नेपालमा १५ वर्षसम्म बस्ने । पैसा हुनेले उद्योग खोल्छन्, नहुनेहरू साइकलमा तरकारी बेचेर बस्छन् । अहिले त अझ जन्मका आधारमा नागरिकता पाउने, व्यावस्था गरिएको छ । धेरै जसो इण्डियनहरूले त बच्चा जन्मन लागेका महिलाहरूलाई नै नेपालको अस्पतालमा ल्याएर बच्चा जन्माउने र नेपालमै जन्मेको प्रमाणित गर्ने पनि गरेका छन् । क्रमिक रूपमा नेपाललाई आफ्नो पूर्ण अधिनमा राख्न यी सबै जुक्तिहरूको अभ्यास हुँदै आएको देखिन्छ ।

***प्रसंग–छ***

कांग्रेसहरू राणाहरूका विरुद्ध सशस्त्ररूपमा लड्न थाले । आन्दोलन चर्कंदै गएपछि नेपालमा गोलमाल हुने स्थिति पैदा भयो । यही मौका छोपी जवाहरलाल नेहरूले मोहन शमशेरलाई इण्डिया बोलायो । मोहन शम्शेरले देशमा अशान्ती भएकोले म आउन सक्तिनँ, मेरो भाइ केशर शमशेरले पाठाउँछु भने । राणाहरू यस्तो कुटनीतिक मामिलामा धेरै चलाख मानिन्थे । उनले केशर शमशेरलाई के भनेर पठाए भने, 'सन् पचासको सन्धि अनुसार हाम्रो देशमा गोलमाल भएकाले सल्लाह लिन आएको मात्रै भन्नु' । केशर शम्शेरले त्यसै भने । जवाफमा नेहरूले भने, 'नेपाल एउटा स्वतन्त्र देश हो, म त सुझाव मात्र दिन सक्छु । आजको जमानामा पारिवारिक शासन टिक्न सक्दैन । त्यसैले प्रजातान्त्रीकरण गर्नैपर्छ, तर एकै पटक प्रजातन्त्र ल्याइदियो भने केही अराजकता आउँछ विस्तारै बदल्दै लैजानु पर्दछ । त्यसका निम्ति अहिलेलाई २ वर्ष ३ वर्षसम्म अन्तरिम सरकार बनाउने, पुराना राणा शासनका प्रतिनिधि पनि र अहिले यो सरकारको विरुद्धमा लडिरहेका पपुलर फोसेर्जहरूको पनि प्रतिनिधि राखेर एउटा संयुक्त सरकार बनाउने, जसको नेतृत्व राणा प्रधानमन्त्रीले नै गर्नेछन् । केही वर्षपछि सविधानसभाको चुनाव गर्ने र संविधान सभाबाट संविधान बनाउने ।' यस्तो सुझाव दिएका थिए । त्यही सुझाव अनुसार नै अब संविधान सभाको निर्वाचन हुनेछ । र, त्यसैले नै संविधान बनाउने छ भनेर मोहन शम्शेरले घोषणा गरे । तर कांग्रेसले यो घोषणा श्री ५ को सरकारले गर्नुपर्ने हो, प्रधानमन्त्रीले होइन भनी विरोध जनायो, नेहरूले भागेर दिल्लीमा शरण लिई रहेका श्री ५ त्रिभुवनलाई मोहन शमशेरको घोषणालाई सर्मथन गर्न लगाए । २००७ साल फाल्गुन ७ मा घोषणा गर्दाको पत्र पुरै जवाहरलाल नेहरूले भनेजस्तै थियो । ड्राफ्ट नै नेहरूको थियो ।

***प्रसंग–सात***

दिल्लीमा भएको तत्कालीन सन्धिलाई त्रि-पक्षीय सन्धि भनिन्छ । वास्तवमा त्यो द्विपक्षीय सन्धि मात्र हो । त्यस सन्धिमा नेहरूको तर्फबाट इण्डियन राजदूतले हस्ताक्षेर गरेको छ भने श्री ५ महाराज धिराजको तर्फबाट भनेर श्री ३ महाराजले हस्ताक्षेर गरेको छ । नेपाल र इण्डियन सरकारबीचको सन्धि हो । कांग्रेसको कुनै भूमिका छैन । उनीहरूलाई त्यसको थाहासम्म पनि थिएन ।

***प्रसंग–आठ***

राजा, राणा र कांग्रेसको संयुक्त अन्तरिम सरकारबाट विपी कोइरालाले राजिनामा गरेपछि मोहन शम्शेरले के गर्छन् भनेर पुष्पलालले शम्भूरामलाई सोध्न पठाएको थियो । मोहन शम्शेरले म पनि राजीनामा गर्छु भने । तपाइलाईं फाइदा के हुन्छ भनेर सोध्दा उनले भने, 'राणा, कांग्रेस र राजासहितको त्रिपक्षीय सरकार हो, कांग्रेस र हामीले छोडेपछि राजा बाँकी हुन्छ, उसले के गर्छ हेरौंला । इण्डियाले सबैतिरबाट च्यापेको स्थितिमा उसलाई नसोधी राजाले केही गर्‍यो भने त हामै विजय भयो नि ।' राणा र कांग्रेस दुवैले सरकारबाट राजीनामा गरेपछि राजा त्रिभूवनले इण्डि यालाई नसोधी कांग्रेसको अध्यक्षलाई एकलौटी सरकार बनाउनुस् भन्दियो । कांग्रेसको अध्यक्ष मातृका प्रसाद कोइराला, जो आफ्नै भाइ विपीका विरोधी पनि थिए, ले सरकार बनाए । क्रमिकरूपमा शाही व्यवस्थालाई मजबुत पार्ने नीति नै त्रिभूवनले लिए । इण्डियालाई पनि धेरै शक्तिहरूलाई भन्दा एउटै शक्तिलाई हात लिन सजिलो हुन्छ भनेर त्यस प्रक्रियामा कुनै प्रतिक्रिया दिएन । यही नीति इण्डियाले त्यसयताका सबै राजनीतिक घटनाक्रमहरूमा पनि अपनाउदै आएको छ ।





# जनयुद्ध सिर्जित लाल स्रष्टाहरू



● हिरामणि दुःखी ●

'प्रतिभा एक वा केही व्यक्तिमा निर्भर हुन्न । यो सर्वहारा वर्गको पार्टीमा निर्भर हुन्छ, प्रतिभा जनदिशा र सामूहिक बुद्धिमा निर्भर हुन्छ ।' -क.माओ

जनयुद्धले यो कुरा सावित गरिदियो कि आखिर प्रतिभा केही व्यक्तिमा मात्र सीमित हुँदो रहेनछ । साहित्य सिर्जना गर्ने कुरा कुनै एकेडेमिक व्यक्तिहरूको हो भन्ने सोंच कतिपय मानिसहरूमा पाइन्छ । के यथार्थता त्यही हो त ? हामी भन्छौं त्यसो होइन र हुनु पनि हु'दैन । यदि त्यसरी नै सोंचियो र सिर्जन कार्यलाई कुनै एकेडेमिक प्रमाण-पत्रको तराजुमा हालेर जोख्न थालियो भने मार्क्सवादी यथार्थवादको भ्रष्टिकरण हुन्छ । यसको अर्थ एकेडेमिक ज्ञानको अवज्ञा पनि होइन, र हुनु हुँदैन ।

दश वर्षको वर्गसङ्घर्षले सतहमा लुकेका अनेकौं यथार्थहरूलाई बाहिर ल्याइदियो । सयौं प्रतिभाहरूलाई खुला आकासमा ल्यायो । कविता, गीत र सङ्गीतमा त उल्यख्य प्रभाव दिन सफल स्रष्टाहरू निस्किए । कथा, नाटक, एवम् उपन्यासका क्षेत्रमा पनि स्रष्टाहरू प्रतिस्पर्धात्मक रूपमा अगाडि आइरहेका छन् । यहा' यसै विषयमा केन्द्रित रही आधारइलाकामा जनयुद्धको शुरुआतपछि देखा परेका प्रतिभाहरूको बारेमा चर्चा गर्न खोजिएको छ ।

साहित्यको बारेमा राप्ती क्षेत्र उल्यख्य प्रभाव छोड्न सफल पुरानो क्षेत्र हो । तापनि प्रगतिवादी साहित्यको क्षेत्रमा पुराना पुस्ता (जनयुद्ध पूर्वको समय) का स्रष्टाहरू अत्यन्तै न्यून रहेको पाइन्छ । मार्क्सवादी यथार्थवादलाई क्रान्तिकारी कोणबाट बुझ्ने र लेख्ने स्रष्टाहरू भने औंलामा गनिनेहरू मध्यमा नै पर्दछन् । त्यसमा पनि जनयुद्धको शुरुआतपछि केही स्रष्टाहरूमा भएको वैचारिक विचलनतासँगै साहित्यको क्रान्तिकारी धारमा पनि खिया लागेको अवस्था रह्यो । राप्तीमा पनि समग्र साहित्यिक क्षेत्र होस् या मार्क्सवादी साहित्यमा, प्रभावित जिल्ला दाङ हो । त्यसपछि प्यूठान, रुकुम, रोल्पा र सल्यान क्रमैसँग पर्दछन् ।

जनयुद्ध पूर्वको समयका क्रान्तिकारी कित्ताका साहित्यकारहरूमा कृष्ण सेन 'इच्छुक', नेत्रलाल 'अभागी' मस्त विष्ट आदिले अमरत्व प्राप्त गरेर जानुभएको छ, भने वरिष्ठ सौन्दर्यचिन्तक चैतन्य अहिले भारतको जेलमा बन्दी जीवन बिताइरहनु भएको छ । यी नामहरू राष्ट्रिय स्तरमै माथि उठेका साहित्यिक नामहरू हुन् । प्रगतिवादी साहित्य लेखनका क्षेत्रबाट शहादत प्राप्त गर्नेदेखि जेल जीवन बिताउने उच्च प्रतिभा यसै क्षेत्रमा रहेका छन् भने आफैले बुझेको मार्क्सवादी यथार्थवादलाई लत्याएर एन.जी.ओ. र सुविधाको प्रलोभनमा डुवेर विचारमा स्खलित भएका स्रष्टा पनि यहा' रहे । त्यसका साथै साहित्यलाई वर्गसङ्घर्षमै कर्मथलो बनाएर जनताको सेवामा नै लगाउने स्रष्टाहरू पनि यस क्षेत्रमा कम छैनन् । जस्तो कि कुलानन्द गिरी, हिरामणि दुःखी, पूर्ण घर्ती, मणि थापा, नदीराम केसी, लगायतका पुराना स्रष्टाहरू जनयुद्धकै क्रममा निरन्तर लेखनयात्रामा क्रियाशील नै छन् । त्यसैगरी बदलिएको परिस्थिति अनुकूल आन्दोलनमा



सरिक हुन नसके पनि राजनैतिक परिदृष्यबाट टाढा रही रचना सिर्जनालाई निरन्तरता दिनेहरूको पनि एउटा हिस्सा रहेको छ । जे होस् प्रगतिवादी साहित्यको क्षेत्रमा यो क्षेत्रले उल्लेख्य योगदान दिँदै आएको छ ।

जनयुद्धको क्रमसँगै साहित्यिक क्षेत्रमा प्रवेश गरेका स्रष्टाहरूको मुख्य विधा भने कविता, गीत/सङ्गीत, र संस्मरण उल्लेख्य रहेका छन् भने कथा, नाटक, एकाङ्की केही कम मात्रामा रहेका छन् । लेख, समालोचना जस्ता गद्य विधामा पनि स्रष्टाहरू देखा परेका छन् । उपन्यास लेख्ने कार्य पनि छिटफुट मात्रामा भएको देखिएको छ । जनयुद्धको आरम्भसँगै जन्मिएका र विभिन्न विधागत क्षेत्रमा कलम चलाएका नवप्रतिभाहरूको चर्चा गर्दा यसरी गर्न सकिन्छ ।

***१. कवितातर्फ :***

कविता लेखनतर्फ कलम चलाएर अगाडि बढेका स्रष्टाहरूमा दाङका अदयदिप शर्मा, पुरण शर्मा, मदन पौडेल, महेश ओली छन् भने रोल्पाबाट पुरण क्षेत्री, विरबहादुर खत्री, गुलाफ मगर, गतिमान पुन, मौसम रोका, मुक्ति विहानी, निर्मल महरा (एटम), अविरल र अञ्जुली रहेका छन् । त्यसैगरी कविता लेखनका क्षेत्रमा रुकुममा उषा मगर, कोपिला वि.एम, विवेक पुन, उपहार, ओपेन्द्र वि.क., गणेश वि.क.ले निरन्तरता दिइरहेका छन् । जनयुद्धको क्रमसँग सल्यानमा कविता लेखन क्षेत्रमा कलम चलाएका नामहरू मोहलाल चन्द, तिलक मल्ल, हिरालाल के.सी., गणेश शाही, बन्धु चन्द रहेका छन् भने प्यूठानमा धनेश्वर पोखेल, कृष्ण घिमिरे (झपेन्द्र शर्मा), उज्ज्वल र प्रभात के.सी. रहेका छन् । निरन्तर रूपमा कविता लेखनलाई नै आफ्नो क्षेत्र नबनाएता पनि छिटफुट रूपमा कविता लेख्ने कार्य पनि नछोडेका तर राम्रा रचना लेख्न सक्ने अन्य नामहरू हुन्- सौगात आचार्य- दाङ, कमला रोका- रुकुम, सुशील (जनमुक्ति सेना)- दाङ, अर्जुन साईंला (जनमुक्ति सेना)- रोल्पा, गोपाल शर्मा (अनल)- रुकुम ।

जनयुद्धको क्रमसँगै कविता क्षेत्रमा कलम चलाउ'दा चलाउ'दै शहादत प्राप्त गर्नेहरूमा माधव घिमिरे र अर्जुन नमुवा- दाङ, चन्द्रबहादुर राना र मोहन रेग्मी-सल्यान, कमला भण्डारी र पुनित- रुकुम, रहनु भएको छ । राजकुमार विष्ट- रुकुम (हाल जेलमा) हुनुहुन्छ ।

***२. गीत-सङ्गीततर्फ :***

जनयुद्धको क्रमसँगै कवितापछि अत्यन्तै फस्टाएको विधा गीत/सङ्गीत हो । यस क्षेत्रमा प्रतिरोध सांस्कृतिक परिवार, मगरा'त सांस्कृतिक परिवारले क्षेत्रीय रूपबाट आफ्ना गतिविधि सञ्चालन गरेका छन् । जसमा प्रतिरोध परिवारले भने केन्द्रीय प्रभाव छोड्न सफल रहेको छ । राप्ती, धौलागिरी, लुम्विनी, र गण्डकीका गाउ' गाउ'मा आफ्ना प्रस्तुतीहरू पस्किरहेको यो परिवार केही समय अगाडि भारतका विभिन्न शहरहरूमा हजारौं जनताकाबीच आफ्ना कार्यक्रम दिएर आफ्नो प्रभाव छोडेको छ । त्यसैगरी रोल्पामा जलजला परिवार, रुकुममा सिस्ने परिवार, सल्यानमा बलिदान परिवार र दाङमा रक्तविज परिवार एवम् प्यूठानमा झिम्रुक परिवारले समाजको यथार्थ चित्रण गर्दै जनताको मन जित्न सफल भएका छन् । यी सांस्कृतिक परिवारले आधारक्षेत्रमा सयौं प्रतिभाहरू जन्माएका छन् । जसले गीत सङ्गीतको क्षेत्रमा नयाँ क्रान्ति नै ल्याउन सफल भएका छन् । यसरी गीत र सङ्गीतको क्षेत्रमा अग्रपंक्तिमा आएका स्रष्टाहरूमा रोल्पाबाट मोहित श्रेष्ठ, कुलमान बुढा, सीता आचार्य, कुस्मा महरा (प्रगति), कुलप्रसाद केसी (सोनाम), झङ्कार (कासीराम बुढा), रहेका छन् । यस्तै रोल्पाकै लोकबहादुर ओली (विनोद), रञ्जीत बुढा, महेश, उभार, डम्बर बुढा, किसोर, क्लब, हुरीलगाएत यस क्षेत्रमा निरन्तर खटिरहेका छन् । रुकुमका पुनित मगर, सूर्यकुमारी वि.क., लेकाली खड्का, प्रज्ज्वल खड्का, विमर्श (हाल जनमुक्ति सेना) ले पनि यस क्षेत्रमा राम्रो प्रभाव छोड्न सफल कलाकार हुन् । यसैगरी सल्यानबाट मोहलाल चन्द, भीम कुमाखी, डिल्ली मल्ल (विवश यात्री) छन् भने दाङका ध्रुव, प्रतिभा तथा प्यूठानका रत्न थापा (कान्छा दाई) सफल स्रष्टाका रूपमा परिचित छन् । दाङकै कमल पि.एम. (पवन) पनि गीत-सङ्गीतमा योगदान पुऱ्याएका स्रष्टा हुन् । तर उनलाई उपचारका क्रममा भारत गएका बेला भारतीय प्रहरीद्वारा गिर[illegible]तार गरी नेपालगञ्ज सुपुर्दगी पश्चात् शाही सेनाद्वारा हत्या गरियो ।

गीत-सङ्गीतको क्षेत्र नै यो आधारइलाकामा सबैभन्दा बढी फस्टाएको विधा हो । प्रतिरोध परिवारको टिममा सह-कमाण्डरको भूमिका खेली रहेकी दिपा (दिलमाया रोका) वाग्लुङ पनि यस विधाकी एक चर्चित स्रष्टा हुन् । गीत सङ्गीतको साथै अभिनयकला पनि उनको मुख्य विशेषता रहेको छ । त्यसैगरी बाग्लुङकै अर्का स्रष्टा हुन् विद्रोही । उनी अहिले गीत-सङ्गीतमा अग्रणी भूमिका खेलेका छन् ।

***३. कथा लेखनतर्फ :***

कविता, गीत र सङ्गीत क्षेत्रमा जे जति प्रगति भएको छ त्यसको तुलनामा कथाकारहरू असाध्य कम अझ नगण्य मात्रामा देखा परेका छन् । विशेष गरी कथा क्षेत्रमा प्रवेश गरी प्रभाव दिन सफल रहेका स्रष्टाहरूमा सौगात आचार्य-दाङ, कमला रोका, जीतमान पुन (मार्शल), कुशुम शाही (ओमप्रकाश शाही)-रुकुम, क्षितिज मगर -रोल्पा, रहेका छन् भने सल्यानका झक्कुप्रसाद पुन (निर्मम) सहिद भइसकेका छन् । उनीद्वारा रचित कथा सङ्ग्रह 'अभ्यस्त सिपाही' प्रकाशित भएको छ । त्यस्तै सौगात आचार्यको कथा सङ्ग्रह प्रकाशनको तयारीमा छ ।

*बाँकी ७ पेजमा*

# आँबुखैरेनी स्रष्टा समाजद्वारा कवि मित्रलाल पंज्ञानीलगायत ६ जना स्रष्टा सम्मानित

काठमाडौं । आँबुखैरेनी स्रष्टा समाज आँबुखैरेनीले कवि मित्रलाल पंज्ञानी लगायत विभिन्न क्षेत्रका ६ जना स्रष्टालाई सम्मानित गरेको छ । समाजले आँबुखैरेनीमा एक कार्यक्रमको आयोजना गरि विभिन्न क्षेत्रका ६ जना व्यक्तित्वहरूलाई सम्मानित गरेको हो ।



समाजले हरेक वर्ष वितरण गर्ने 'आँबुखैरेनी वाङ्मय पुरस्कार'बाट कवि मित्रलाल पंज्ञानीलाई सम्मानित गरेको छ । सम्मानित व्यक्तित्व पंज्ञानीलाई खादा, सम्मानपत्र, मायाको चिनो र नगद राशीले सम्मान गरेको हो । यो पुरस्कारको राशी नगद १० हजार रहेको छ ।

यस्तै 'इन्द्रासन हास्यव्यङ्ग्य पुरस्कार'बाट कलाकार रमेश केसी मत्तारेलाई सम्मानित गरेको छ । समाजका संरक्षक इन्द्रमान परियारले आफ्नो स्वर्गीय मातापिता पुतली/बुद्धिमान परियारको स्मृतिमा स्थापना गरिएको यो पुरस्कारबाट कलाकार केसीलाई खादा, सम्मानपत्र, मायाको चिनो र नगद १० हजार राशीले सम्मान गरेको हो ।

त्यसैगरी, भगवानदास मल्ल संरक्षक रहनुभएको कृष्णदास चेतकुमारी मल्ल उत्कृष्ट स्वास्थ्य सेवा सम्मान पुरस्कारबाट आँबुखैरेनी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्याय र आँबुखैरेनी स्वास्थ्य चौंकीमा कार्यरत कर्मचारी (ल्याव टेक्निसियन) अमृत पण्डित सम्मानित भएका छन् । कोरोना भाइरसको संक्रमणको अवस्थामा उच्च स्थानमा रहेर काम गरेको भन्दै उपाध्याय र पण्डितलाई खादा, सम्मान-पत्र, मायाको चिनो र नगद राशी जनही ५ हजार रूपैंया प्रदान गरी सम्मान गरिएको हो ।

यस्तै, संगिता श्रेष्ठ संरक्षक रहनुभएको 'महेशकुमार श्रेष्ठ प्रतिभा पुरस्कार' बाट आँबुखैरेनी क्याम्पसका स्नातक तहमा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुनु भएका व्यवस्थापन संकाय तर्फका सपना गुरुङ र शिक्षाशास्त्र संकाय तर्फका दिपीका थापा सम्मानित भएका छन् । गुरुङ्ग र थापालाई खादा, सम्मान-पत्र, मायाको चिनो र नगद राशी २ हजार ५ सय रूपैंया प्रदान गरी सम्मान गरिएको छ । आँबुखैरेनी स्रष्टा समाजले २०७१ सालदेखि 'आँबुखैरेनी वाङ्मय पुरस्कार' र २०७३ सालदेखि 'इन्द्रासन हास्यव्यंग्य पुरस्कार' प्रदान गर्दै आइरहेको छ भने 'महेशकुमार श्रेष्ठ प्रतिभा पुरस्कार' बाट आँबुखैरेनी क्याम्पसका स्नातक तहमा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने व्यवस्थापन र शिक्षा शास्त्र संकाय तर्फका एक-एक जना गरि २ जना विद्यार्थीलाई सम्मानित गर्ने गरिएको छ।

शनिबार सम्पन्न कार्यक्रम समाजका अध्यक्ष अनिल श्रेष्ठको सभापतित्व तथा वरिष्ठ समालोचक, सौन्दर्य चिन्तक प्राध्यापक डा. जगदिशचन्द्र भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको हो । कार्यक्रममा विशिष्ट अतिथि समालोचक प्रा.डा. ताराकान्त पाण्डे, गाउँपालिका अध्यक्ष गिर बहादुर थापा, अतिथिहरू डा. कृष्णराज अधिकारी, तेजविलास अधिकारी, सृजन अविरल, अप्सरा अधिकारी, गौरी दाहाल, मोदनाथ मरहठ्ठा, भिम रानाभाट, शिला योगी, कृष्णप्रसाद पोखरेल, नारायण मरासिनी, पर्शुराम कोइराला, खगेश्वर सापकोटा, गोपाल मरहठ्ठा, अम्बिका मुडभरी, नर्मदा पंगेनी लगायत स्थानीय संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरूको सहभागिता रहेको थियो।

यस्तै कार्यक्रममा सम्मानित स्रष्टा मित्रलाल पञ्ज्ञानीको बारे वरिष्ठ समालोचक सौन्दर्य चिन्तक प्रा.डा. ताराकान्त पाण्डे र कलाकार रमेश के.सी. मत्तारेको बारे कलाकार अप्सरा अधिकारीले मन्तव्य राखेका थिए । सम्मानित स्रष्टाहरूलाई कार्यक्रमका प्रमुख अतिथि, विशिष्ट अतिथि, दाताहरू र समाजका अध्यक्ष लगायतले सम्मान गरेका थिए। बिशाल थापाले संचालन गरेको कार्यक्रममा स्रष्टाहरूले आफ्ना विभिन्न सिर्जनाहरू समेत प्रस्तुत गरेका थिए ।

## कविता

### काठमाण्डु



● दीपक विश्वकर्मा ●

नसकिने भो काठमाण्डु तँसँग
तँ बहुतै निर्मोही भइस्
तेरो काखमा बसेका मान्छेहरू
तेरो दशधारा दुध चुस्ने सन्तानहरू
तेरो न्यानो काखमा लुटपुटिने अधमहरू
मान्छे !
हँ मान्छे हुन सकेनन् नि काठमाण्डु
आजसम्म यी अधम नै रहे ।

विपतमा मान्छेले ज्यान दिन्छ
अर्काको लागि,
विपतमा मान्छेले रगत दिन्छ
अर्काको लागि,
विपतमा मल्लयुद्ध गर्दछ
बाघसँग मान्छेले,
उर्लदो भेलमा हाम फालेर
डुब्दालाई तार्दछ मान्छेले
आफू सेरिएर अरूलाई बचाउँछ मान्छेले
तर,
काठमाण्डु तँ अधम रहेछस्
तँ हृदयले खोक्रो रहेछस्
बिहान सूर्यलाई अर्घ्य दिएर,
के भो काठमाण्डु तैंले
महापूजाको लस्करमा लामलागेर
पशुपतिमा छाँद हालेर के भो काठमाण्डु तैंले ?
घरै पिछे द्यौता पुजेर
गेरु र चन्दनले ललाट रङ्गाएर
रामनामीको छद्म कात्रो ओढेर
के भो काठमाण्डु तैंले ?
जब,
जरुरतको बेला
सर्वश्व गुमेको विपतको बेला
ओत लाग्ने झोपडी उजाडिएको बेला
तँ,
परम्पराको नाममा
चलन, रित र संस्कारको नाममा
तँ मान्छेको आड बन्न सक्दैनस्
तिर्खाएकालाई पानी खुवाउन सक्दैनस्
ओत नहुनेलाई बास दिन सक्दैनस्
थुइक्क काठमाण्डु
तँ, मान्छेको थात बन्न सकिनस् ।

विशे नगर्चीको रूपपे दानको प्रतिफल होस तँ
गोर्खेले नाक कान काटेको कुरो साँच्चै होला
तर, त्यो कार्य गलत थियो,
काट्नु पर्ने त
अर्कै रहेछ
तेरो अहङ्कार
कथित् जातको भूमरीमा रुमलिएको तेरो अहम्
आफ्नै अंसीयारहरूको पानी नचल्ने तेरो परम्परा
भोका नाङ्गा छिमेकीसँग छिमलिने कथित् शुद्धता
आजसम्म झाँगिएर रहेको तेरो जातीय गौरव
गोर्खेले काट्नु पर्ने हो
काटेन,
जो काट्नु पर्ने थियो
त्यो काटेन
जो नकाट्नु पर्ने हो त्यो बाँकी राखेन ।

धिक्कार छ काठमाण्डु
मैले बास नपाउनु कुनै मानेको कुरो रहेन
मैले प्रवेश नपाउनु कुनै अनौठो कुरो रहेन
तर,
तेरो काखमै हुर्केका हनुमन्ते पाखाका
धौलाहरूले पानी पाएनछन् नि काठमाण्डु
सभ्यता बोकेको तँ कुरूप शहर
ने मुनिले पालेको तँ नेपाल रे
चोभारका गल्ली काटेर बसेको तँ पवित्र शहर रे
पशुपतिको तँ कथित् आराध्य थलो रे
घरघरै मन्दिर
टोलटोलमै जात्राको तँ संस्कृति रे
राजामहाराजा र कुलिनहरूको तँ बास रे
धिक्कार छ
कथित सभ्यताको आहाल काठमाण्डु तँलाई
तँ मान्छेहरूको थात हुन सकिनस्
यो मेरो चुनौती हो
सक्छस् भने मलाई फाँसी दे ॥

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

## जनयुद्ध...

*४. नाटक/एकाङ्कीतर्फ :*

नाटक/एकाङ्की प्रगतिवादी आन्दोलनमा निकै खट्केको विधा हो । यो विधामा कलम चलाउनेको सङ्ख्या केही कममात्रमा देखिन्छ । यो दश वर्षको आ'धी र तूफानका बीचबाट एकदुई वटा फाट्टफुट्ट मात्रामा एकाङ्की लेख्ने कार्य भएका छन् । विशेषतः यस विद्यामा कलम चलाउने गरेका स्रष्टाहरूमा कुमार मल्ल र नरबहादुर महरा- रोल्पा तथा जनार्दन शर्मा- रुकुम रहेका छन् । यी नामहरू बाहेकका अरू नामहरू यो विधामा खासै देखा परेका छैनन् । जनयुद्धले मानवीय समवेदना, आवेग, आक्रोस र पीडाका अनुभूतिहरू तथा खुसी, हाँसोका भावहरूको तीव्रतम अनुभूतिहरू गराएको छ । विजयका गौरवपूर्ण गाथाहरू र पराजयका तीता घटानाहरूले पार्टी नेतृत्वदेखि तल्लातहका कार्यकर्तासम्म र जनतालाई समेत अत्यन्तै भावोत्तेजक, विचारोत्तेजक बनाउने मात्र नभई सुन्दर भविश्यको सुन्दर सपना देख्ने बनाएको छ । युद्धका यिनै भावहरूलाई यस क्षेत्रका सांस्कृतिक कलाकर्मीहरूले नाटक, गीति-नाटकहरू, अपेराहरू लेख्ने र हजारौं जनताका बीचमा मञ्चन गर्ने कार्य गर्दै आएका छन् । तर, यतिले मात्र पुग्दैन भन्ने कुरामा सबैले महसुस गरेको अवस्था छ ।

यो एक दशकभित्र सबैभन्दा बढी स्थापित भएको विधा संस्मरण हो । संस्मरण लेख्नेहरूको सङ्ख्या त सयौं भन्दा पनि बढी नै स्रष्टाहरू पाउन सकिन्छ । युद्ध यति निर्मम हुन्छ कि एक/दुई मिनेट अगाडि सँगसँगै कुरा गरिरहेको, हाँसिरहेको, सुन्दर सपनाको कल्पनामा योजना कोरिरहेको साथी संगातीलाई तुरुन्तै सदाका निम्ति गुमाउनु पर्ने हुन्छ र भएका पनि छन् । त्यो बेला भावना यसरी पोखिन्छ कि जसबाट बाढी नै आउन पुग्छ । तर फेरि भावनालाई विचारले कमाण्ड गरेर पाइला अगाडिको गन्तव्यतर्फ डोऱ्याउनु पर्ने हुन्छ, तिनै सहिदहरूको बा'की सपना पूरा गर्न ।

आधार क्षेत्रमा साहित्य-सङ्गीततर्फ कलम निरन्तर रूपमा चलाउने सबै विधागत स्रष्टाहरूले वर्तमान समाजको यथार्थतालाई चित्रण गर्नुका साथै वर्गसङ्घर्षलाई मुख्य आधारभूमि बनाएका छन् । यसक्रममा माथि उल्लेखित नामहरूमा पनि आफ्नो कलमलाई अझ तिखार्दै, माइदै र कलात्मक बिम्ब प्रस्तुत गर्दै अगाडि बढ्ने जमर्को गरेका स्रष्टाहरू अलि कम नै देखापरेका छन् । जसमा कथा लेखनका क्षेत्रमा सौगात आचार्य, निर्मम (झक्कुप्रसाद पुन)- शहादत प्राप्त गरिसकेको, जीतमान पुन (मार्शल) अग्रपङ्क्तिमा देखापरेका छन् । त्यसैगरी कविता लेखनतर्फ उषा मगर, अजयदिप शर्मा, तिलक मल्ल, पुरन शर्मा, पुरन क्षेत्री, हिरालाल के.सी., निर्मल महरा (एटम), भीम कुमाखीहरू नै अग्रस्थानमा देखिएका छन् । अन्य स्रष्टाहरूले निरन्तर कलम चलाएका छन् तापनि कलात्मक पक्षमा केही मन्दता नै देखिन्छ । उनीहरूले अझै मेहनत गर्न जरुरी छ । सबैभन्दा बढी विकास भएको क्षेत्र भनेको गीत-सङ्गीत हो । यस विधामा अग्रपंक्तिमा देखापरेका स्रष्टाहरू हुन् सीता आचार्य, कुलमान बुढा, मोहित श्रेष्ठ, मोहलाल चन्द, भिम खुमाखी, विद्रोही, लोकबहादुर ओली (विनोद), कासीराम बुढा (झङ्कार) लेकाली खड्का, सूर्य, दिलमाया पुन, कुश्मा महरा र प्रज्ज्वल खड्का ।

नाटक, एकाङ्की तथा उपन्यास जस्ता कृतिहरू प्रकाशित नभएता पनि नाटक र एकाङ्की लेखनमा कलम चलाइरहेका स्रष्टामा कुमार मल्ल र नरबहादुर महरा नै अग्रस्थानमा देखिएका छन् । उपन्यास लेख्ने कार्य गर्दागर्दै सल्यानका सूर्यविक्रम राणालाई 'किलो सेरा टु अप्रेशन' ले चपायो र उहा'को उपन्यास प्रकाशित हुन पाएन । अहिले यस विधामा कलम चलाउने स्रष्टा यो आधार भूमिमा खासै देखापरेका छैनन् । वास्तवमा यतिबेलाको आवश्यकता उपन्यास लेखनको हो । जनयुद्धले आवेग-संवेग, हाँसो-रोदन भनौं अथवा समाजका हजारौं यथार्थतालाई उजागर गरिदिएको छ । जो समाजका उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायका निम्ति मुक्तिमार्ग हुन सक्छन् । जसले जीवनको यथार्थताको मुल्यबोध गराउ'छ ।

जनयुद्ध सिर्जित साहित्यलाई बन्दुके संस्कृति, नारावादी, राजनीतिक शब्दले लादिएका आदिजस्ता आरोप पनि लाग्ने गरेका छन् । अझ एकथरी त साहित्य विशुद्ध हुनुपर्छ, राजनैतिक प्रभाव पर्नु हु'दैन भन्नेहरू पनि छन् । यसरी साहित्य र राजनीतिलाई अलग गरेर हेर्ने परिशुद्धतावादी दृष्टिकोण पनि छ । यो पश्चगामी दृष्टिकोण हो । यी दुवै दृष्टिकोणका विरुद्ध जनयुद्ध सिर्जित साहित्य खरो उत्रिएका छन् । वास्तवमा वर्गीय समाजमा सबै कुरा वर्गीय नै हुने हुँदा मार्क्सवादी साहित्यले वर्गीय पक्षधरतालाई खुलेआम स्वीकार्दछ र सोहीअनुसार समाजको यथार्थतालाई चित्रण गर्दछ । अनि त्यसले निकासको अर्थात समाज रूपान्तरणको स्पष्ट मार्गदर्शन पनि गर्दछ ।

साहित्यमा राजनैतिक सु-स्पष्टता त हुनै पर्छ । यसका साथै कलात्मक हुनु यसको अनिवार्य पक्ष हो । रचनामा भाषा, शैली, शिल्प, अभिव्यञ्जना, रूपक, प्रतिक, लय आदि मिल्नु पर्छ । रचनामा शिल्पागत पक्षले महत्वपूर्ण स्थान लिन्छ । आख्यानात्मक रचनामा भाषा शैली सरल, बोधगम्य र वाक्य संरचना छोटा-छरिता हुनु जरुरी हुन्छ । जनयुद्ध सिर्जित स्रष्टाहरूमा शिल्पगत पक्ष केही कमी देखिएता पनि विचार, भावना, आवेग, सम्वेगका पक्ष धेरै उच्च रहेका छन् ।

साहित्य सिर्जना गर्नु त्यती सहज र सरल कुरा होइन । यसमा निरन्तर साधनाको जरुरी हुन्छ । जुनकुनै मान्छेमा पनि साहित्यले प्रभाव त पारेकै हुन्छ । मनमा उद्देलित भावनाहरूलाई बिम्बात्मक शब्दद्वारा एउटा मालामा गाँस्नु र लयात्मक, ज्ञयात्मक बनाएर पस्कनु साहित्य हो । साहित्य रसयुक्त हुन्छ । कुनै पनि साहित्य पढ्दा पाठकले आफूलाई त्यसैभित्र उभिएको एक पात्रको रूपमा पाउन सक्यो भने त्यो साहित्य नै उत्कृष्ट साहित्य हुन जान्छ । त्यसैले अग्रजहरूले भन्ने गरेका छन् कि हाम्रो साहित्य र कलाले जनताको मन जित्न सकोस् । जनताको मन जित्ने बनाउनका निम्ति समाजको यथार्थ चित्रण गर्नुपर्छ । र, त्यो यथार्थ द्वन्द्वात्मक भौतिकवादी हुनुपर्छ । आदर्शवादी यथार्थवादलाई साहित्यमा उतार्नु त्यो फोस्रो आडम्वर र केवल सस्तो मनोरञ्जनका लागि मात्र हुन्छ । यस क्षेत्रमा उदाएका नयाँ र युद्धकै अग्रमोर्चामा रहेका स्रष्टाहरूले पहिलो यथार्थलाई पक्डेका छन् ।

३० साउन २०६२

*(जनयुद्धकालको भावभूमिमा लेखिएको सङ्क्षिप्त समीक्षा सान्दर्भिक लागेर पोष्ट गरिएको छ-सं.)*

## कम्युनिष्टहरुले...

भन्ने लोकतन्त्र समानतासहितको स्वन्त्रताको पक्षमा भएको लोकतन्त्र हो । त्यसैले सही कम्युनिष्टहरूका लागि पुँजीवादी लोकतन्त्रमा आधारित संसदीय व्यवस्था स्वीकार्य हुँदैन । किनभने त्यस्तो स्वतन्त्रतालाई मार्क्स र एङगेल्सले जस्तै वर्तमानका क्रान्तिकारी कम्युनिष्टहरू अपर्याप्त र अपूर्ण मान्दछन् । पुँजीवादी लोकतन्त्र पक्षधरहरूले राजनैतिक अधिकारलाई महत्व दिन्छन् तर कम्युनिष्टहरू भने राजनैतिक अधिकार मात्रै होइन आर्थिक-सामाजिक अधिकार समेत हुनुपर्नेमा जोड दिएका हुन्छन् । मार्क्सले यहुँदीहरूको प्रश्नबारेको एउटा लेखमा राजनीतिक अधिकार, आस्थाको अधिकार, सम्पत्तिको अधिकार र समानता एवं सुरक्षाको अधिकारको पक्षपोषण गरेको पाइन्छ, जसलाई वर्तमानमा कम्युनिष्टहरू यी सबैको प्राप्तीका लागि वर्गसंघर्ष गरिरहेका हुन्छन् ।

कम्युनिष्ट पार्टीको घोषणा पत्रमा 'श्रमिक वर्गीय क्रान्तिको पहिलो सोपान सर्बहारा वर्गलाई सत्तारुढ वर्गको हैसियतमा पुऱ्याउन लोकतन्त्रका लागि हुने लडाइँमा विजय प्राप्त गर्नु हो' भनिएको छ । त्यसैगरी अन्तर्राष्ट्रिय श्रमिक सङ्घका आम नियमको प्रस्तावनामा भनिएको छ - 'श्रमिक वर्गको मुक्तिका निम्ति सङ्घर्ष गर्नु भनेको वर्गीय विशेषाधिकार र एकाधिकारका निम्ति सङ्घर्ष गर्नु नभएर समान अधिकार र समान कर्तव्यका निम्ति तथा सबैखाले वर्गीय शासनको उन्मूलनका निम्ति सङ्घर्ष गर्नु हो अन्तर्राष्ट्रिय श्रमिक सङ्घका आम नियमको प्रस्तावनामा- 'श्रमिक वर्गको मुक्तिका निम्ति सङ्घर्ष गर्नु भनेको वर्गीय विशेषाधिकार र एकाधिकारका निम्ति सङ्घर्ष गर्नु नभएर समान अधिकार र समान कर्तव्यका निम्ति तथा सबैखाले वर्गीय शासनको उन्मूलनका निम्ति सङ्घर्ष गर्नु हो भनिएको छ । '

मार्क्सले सर्वहारावर्ग र सबै उत्पीडित वर्गका लागि स्वतन्त्रताको मूल आधार राज्यसत्तामाथिको कब्जा हो भनेका छन् । सर्वहारावर्ग र सबैखाले उत्पीडित वर्गको नेतृत्वगर्ने एउटा कम्युनिष्ट पार्टीले राज्यसत्तामाथिको कब्जाको प्रश्नलाई छाडेर लोकतन्त्र र स्वतन्त्रता प्राप्तीको कुरा गर्नु सर्वहारावर्ग र आम उत्पीडित वर्ग धोका दिनु हो । यसलाई पुस्टि गर्न पेरिस कम्युनमाथिको चर्को दमनपश्चात कार्ल मार्क्सले 'श्रमिक वर्गले बनिबनाउ राज्यसत्ता हातमा लिएर त्यसलाई जस्ताको तस्तै राखी आफ्ना उद्देश्यहरूको लागि प्रयोग गर्न सक्तैन' भन्ने निष्कष निकालेका थिए र 'पुँजीवादी र साम्यवादी समाजबीच एकबाट अर्कोमा क्रान्तिकारी रूपान्तरणको अबधि रहनेछ । त्यस अनुरूपकै राजनीतिक रूपान्तरणको काल समेत रहनेछ, जसमा राज्य सर्वहाराको क्रान्तिकारी अधिनायकत्व बाहेक अरु केही हुनेछैन' भन्ने धारणा अगाडि सारेका थिए, जो वर्तमानको सर्वहारावर्गीय क्रान्तिका लागि एउटा बलियो पाठ भएको छ । तर संसदवादी र सशोधनवादी कम्युनिष्टहरू यो पाठ सिक्न तयार देखिदैनन ।

वर्तमानका संसदवादी कम्युनिष्टहरू(जो मार्क्सका पालामा पनि थिए) जसले आफूलाई अहिले मार्क्सवादी-लेनिनवादी भनेर थाक्दैनन, तर सर्वहारावर्गीय अधिनायकत्वको विरोध गर्दछन्, तिनीहरूलाई स्पष्ट पार्दै मार्क्सले अधिनायकत्व भनेको के हो र किन चाहिन्छ भन्नेबारे प्रष्ट पार्दै 'वर्ग विभेदहरूको आम रूपमा उन्मूलन गर्न, वर्ग विभेदहरू जुन उत्पादन सम्बन्धमा आधारित छन् ती सबै उत्पादन सम्बन्धको उन्मूलन गर्न, ती उत्पादन सम्बन्धहरू अनुरूपका सबै सामाजिक सम्बन्धहरूको उन्मूलन गर्न र ती सामाजिक सम्बन्धहरूबाट उत्पन्न तमाम विचारहरूको क्रान्तिकरण गर्न आवश्यक संक्रमण विन्दुको रूपमा सर्बहारा वर्गीय अधिनायकत्व हो' भनेका थिए ।

एंगेल्सले 'श्रमिक वर्गले बनिबनाउ राज्यसत्ता हातमा लिएर त्यसलाई जस्ताको तस्तै राखी आफ्ना उद्देश्यहरूको लागि प्रयोग गर्न सक्तैन' भन्नुको तात्पर्य 'विजयी बनेको सर्बहाराले सर्बप्रथम पुरानो नोकरशाही एवं प्रशासनिक हिसावले केन्द्रिकृत राज्यसत्तालाई आफ्नो उद्देश्यका लागि प्रयोग गर्नुभन्दा पहिले पुनर्गठन या पुनःसंरचना गर्नुपर्दछ भन्ने प्रश्नको सामान्य प्रस्तुति हो' भनी प्रष्ट पारेका थिए ।

एंगेल्सले 'सर्बहारा अधिनायकत्व' शब्दबाट त्रसित भएकाहरूलाई सम्बोधन गर्दै 'महानुभावहरू ! सर्वहारा अधिनायकत्व कस्तो हुन्छ भनेर जान्न चाहानुहुन्छ भने पेरिस कम्युनलाई हेर्नुहोस, त्यही हो सर्बहारा अधिनायकत्व' भनेका थिए । 'सम्पूर्ण राजनैतिक शक्ति जनप्रतिनिधिहरूको हातमा केद्रित गर्ने जनप्रतिनिधि सभा नै' सही मानेमा क्रान्तिकारी कम्युनिष्टहरूको संसद हो ।

*singhhukum683@gmail.com*

## पार्टीले...

हुन पुग्छ, व्यवहारमा परिणत हुन सक्दैन । ठूलो संख्यामा कार्यकर्ताहरूलाई परिचालन गर्नका लागि उनीकहरूको व्यवस्थापन संबन्धी समस्याहरूलाई पनि हल गर्नु पर्ने हुन्छ । त्यसको साथै पार्टीको सामान्य प्रशासनिक कामहरू गर्नु, पार्टीको नीतिलाई आम जनताको विचमा पुऱ्याउनका लागि विभिन्न संचार माध्ययमहरूलाई परिचालन गर्न र संघर्षका कार्यक्रमहरूलाई प्रभावकारी ढंगले अगाडि बढाउनका लागि आर्थिकको आवश्यकता पर्दछ । अर्थात समग्रमा भन्नु पर्दा पार्टीको जीवनसँग आर्थिक समस्या जोडिएर आउँछ । आर्थिक विना पार्टीको कुनै पनि काम प्रभावकारी रूपमा अगाडि बढ्न सक्दैन ।

आज हाम्रो पार्टीको आर्थिक अवस्था निकै कमजोर छ । जसको कारण पार्टीको सामान्य प्रशासनिक कार्य संचालन देखि, कार्यकर्ताहरूको व्यवस्थापन, संघर्षका कार्यक्रमहरूलाई प्रभावकारी ढंगले अगाडि बढाउन र पार्टीको नीति र गतिविधिको प्रचार प्रसारमा समेत गम्भिर प्रकारको असर परिरहेको छ । पार्टीको आर्थिक समस्यालाई हल नगरीकन हामी अगाडि बढ्न सक्दैनौं । त्यसकारण पार्टीको आर्थिक समस्यालाई हल गर्न सम्पूर्ण पार्टी पंक्ति एकताबद्ध भएर अगाडि बढ्नु पर्दछ ।

आर्थिक समस्या समाधान गर्नका लागि पार्टीले विभिन्न समयमा आवश्यक नीतिहरू तय गर्दै ठोस निर्णयहरू पनि गरेको छ । पार्टीको आर्थिक श्रोत भनेको पहिलो पार्टी सदस्यहरूले बुझाउने लेवि हो, दोस्रो पार्टीले आफ्नो उत्पादन कार्यबाट प्राप्त हुने राशी हो । तेस्रो शुभचिन्तक तथा अन्य दाताहरूबाट लिने सहयोग हो । पार्टीले सदस्यहरूबाट उठने लेविलाई सबभन्दा बढी जोड दिएको छ । पार्टी सदस्यहरूले सुसुचित हुँदा हुँदै पनि छ महिनासम्म लेबि नबुझाएमा उनीहरूको सदस्यता समाप्त हुने व्यवस्था पार्टी विधानमा गरेको छ । तर पार्टी सदस्यहरूले दिने लेवि प्रथम नियमित छैन, द्वितिय नियमित भएपनि त्यसले मात्र पार्टीको आर्थिक समस्या हल हुन सक्दैन । त्यसकारण पार्टीले उत्पादन कार्यमा पनि जोड दिने नीति लिएको छ । पहिलो चरणमा एउटा प्रदेशमा एउटा उत्पादनको कार्ययोजना लागू गर्ने र विस्तारै त्यसलाई व्यापक रूपमा लागू गर्ने निर्णय गरेको छ । तर ती निर्णयहरू व्यवहारमा कार्यान्वयन हुन सकिरहेका छैनन् । ती निर्णयहरू लागू हुन नसक्नुको कारण के हो ? उत्पादन सम्बन्धमा पार्टी नीति कस्तो हुनु पर्दछ ? यिनै प्रश्नको सेरोफेरोमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

पार्टीको उत्पादन कार्यसँग सम्बन्धि निर्णयहरू कार्यान्वयन हुन नसक्नुको कारणहरू मध्य एउटा प्रमुख कारण यस सम्बन्धि दृष्टिकोणमा एकरूपता नहुनु नै हो । पार्टीले प्रदेश स्तर हुँदै तलसम्म पार्टी कमिटिहरू उत्पादन कार्यमा लाग्ने नीति निर्माण गर्ने कुरामा कुनै विवाद छैन । सर्वसम्मत रूपबाट यस प्रकारको निर्णय भएको हो । तर व्यवहारमा जाँदा समस्याहरू उत्पन्न भएका छन् र त्यो समस्याको जडमा दृष्टिकोणको समस्या जोडिएको छ । यस विषयमा तीन प्रकारको दृष्टिकोणहरू प्रकट रूपमा आएका छन् । एउटा दृष्टिकोण पार्टीले क्रान्तिको तयारी गर्ने हो भने संगठन निर्माण र संघर्षमा जोड दिनु पर्दछ, उत्पादनमा लाग्नु हुन्न, अहिले नै उत्पादनमा लाग्नु भनेको विस्तारै संसोधनवादी बाटोमा जानु हो भन्ने छ । अर्थात क्रान्ति पछि नै उत्पादन कार्यमा लाग्नु पर्दछ भन्ने दृष्टिकोण हो । अर्को दृष्टिकोण भनेको संगठन निर्माण र संघर्षमा भन्दा उत्पादन कार्यमा मात्र जोड दिनु पर्दछ । उत्पादन कार्यमा लागेर आत्म निर्भर भए पछि मात्र संगठन र संघर्षको काम गर्न सकिन्छ भन्ने छ । यो दुबै दृष्टिकोण भन्दा वेग्लै अर्को दृष्टिकोण पाइन्छ । त्यो भनेको संगठन निर्माण र संघर्षको साथ साथै उत्पादन कार्यमा पनि लाग्नु पर्दछ भन्ने हो । पहिलो दुइवटा दृष्टिकोण उत्पादन कार्यलाई जोड नदिने र उत्पादन कार्यमा मात्र जोड दिने दृष्टिकोण सही होइनन । संगठन निर्माण र संघर्षको साथ साथै उत्पादन कार्यमा पनि जोड दिने नीति नै सही हो । त्यसकारण क. माओले वर्ग संघर्ष, उत्पादनको लागि संघर्ष र वैज्ञानिक प्रयोगलाई साथ साथै लैजाने कुरामा जोड दिनु भएको थियो ।

पार्टीले उत्पादन कार्यलाई कसरी अगाडि बढाउने भन्ने विषयमा का. माओको दृष्टिकोणलाई विस्तृत रूपमा बुझ्न जरुरी छ । का. माओ भन्नु हुन्छ 'केही कमरेडहरूको के सोचाईं छ भने क्रान्तिकारी युद्धले गर्दा मानिसहरू ज्यादै व्यस्त हुने भएकाले आर्थिक निर्माणका लागि समय बचाउन असम्भव छ र उनीहरूले आर्थिक निर्माणको पक्षमा कुरा गर्नेलाई 'दक्षिण पन्थी भडकाववादी' भनेर निन्दा गरेका छन् । उनीहरूको विचारमा क्रान्तिकारी युद्धको समयमा आर्थिक निर्माण असम्भव छ र अन्तिम विजय पछि शान्तिपूर्ण तथा स्थिर स्थितिमा मात्र यो संभव छ । कमरेडहरूका यस्ता विचारहरू गलत छन् । जसले यस तरिकाबाट सोच्छ उसले के कुरा बुझ्न सकेको छैन भने आर्थिक निर्माण नगरिकन क्रान्तिकारी युद्धको निम्ती चाहिने भौतिकपूर्ण स्थानहरूलाई सुनिश्चित पार्नु असम्भव हुन्छ र लामो युद्धको क्रममा जनता अशक्त बन्ने छन् ।' (माओ संकलित रचना भाग १,पृष्ठ १२४) उहाँ अझै अगाडि भन्नु हुन्छ 'क्रान्तिकारी युद्धको वेलामा आर्थिक निर्माणको काम गर्न हुँदैन भनेर सोच्नु एकदमै गलत छ । यस ढंगबाट सोच्ने मानिसहरू अक्सर के भन्छन भने सारा कुरालाई युद्ध प्रयत्नको अधिनस्त पारिनु पर्दछ, तर उनीहरू के कुरा बुझ्दैनन् भने आर्थिक निर्माणको कार्यलाई पन्छाउँदैमा सारा कुरा युद्ध प्रयत्नको अधिनस्थ बन्दैन बरु युद्धप्रयत्न कमजोर हुन्छ । आर्थिक मोर्चाको कामलाई बढाएर र लाल इलाकाहरूको अर्थतन्त्रको विकास गरेर मात्र हामी क्रान्तिकारी युद्धका लागि प्रयाप्त भौतिक आधार जुटाउन सक्छौं ।' (उही पृ. १२५ ) यो कुरा का. माओले सन १९३३मा भन्नु भएको थियो । का. माओको उपरोक्त भनाइहरू बाट के कुरा प्रस्ट हुन्छ भने उहाँले क्रान्ति सम्पन्न हुनु भन्दा धेरै पहिले देखिनै आर्थिक उत्पादनको कार्यमा जोड दिनु भएको थियो र त्यतिवेला तत सम्बन्धमा देखा परेका गलत सोंचाइहरूको विरुद्ध कडा वैचारिक संघर्ष गर्नु भएको थियो । उहाँहरूले आर्थिक उत्पादन कार्यमा यति धेरै जोड दिनु भएको थियो कि आधार इलाकामा मात्र होइन छापामार इलाकाहरूमा पनि आर्थिक उत्पादन कार्यलाई अगाडि बढाउनु भएको थियो । जस्तो एक ठाँउमा उहाँले भन्नु भएको छ 'यस्तो परिस्थितिमा छापामार टोलीहरूले धेरै जसो एक दिनमै कैयौं पटक ठाँउ साटफेर गर्नु पर्दछ । तै पनि छापामार टोलीहरूले लडाइको बिचमा फुर्सदको समयमा उत्पादन कार्य चलाउने व्यवस्था गरेका छन् ।' (माओ संकलित रचना भाग ३ पृष्ट १४९) का. माओका यी भनाइहरूले सिंगो पार्टी अन्य कामका अतिरिक्त उत्पादन कार्यमा जुट्न कति आवश्यक छ भन्ने कुरा प्रष्ट हुन्छ । वास्तवमा का. माओले उत्पादन कार्यलाई क्रान्तिको एउटा अभिन्न हिस्साको रूपमा लिनु भएको थियो । जस्तो उहाँले भन्नु हुन्छ 'युद्ध भनेको सैनिक र राजनीतिक प्रतिद्धन्द्धिता मात्र नभएर आर्थिक प्रतिद्धन्दिता पनि हो । जापानी आक्रमणकारीहरूलाई पराजित गर्नका निम्ती अरु सबै कामहरूको अतिरिक्त हामीले अर्थिक कार्यमा पनि लाग्नै पर्दछ र दुई तीन बर्ष भित्रैमा हामीले यस काममा खप्पीस हुनै पर्दृछ । चालु वर्ष अर्थात सन १९४५मा हामीले पहिले भन्दा एकदम धेरै उपलब्धीहरू हासिल गर्नु पर्दछ ।' (उही पृष्ट १५१) । का. माओले यहाँ आर्थिक उपार्जनमा लाग्ने कुरालाई युद्धको (क्रान्तिकारी युद्धको)अभिन्न अंगको रूपमा लिनु भएको छ । त्यसकारण क्रान्ति भनेको सैनिक र राजनैतिक प्रतिद्धन्दिता मात्र नभएर आर्थिक प्रतिद्धन्दिता पनि हो भनेर भन्नु भयो । उहाँको यस भनाइलाई कम्युनिष्ट क्रान्तिकारीहरूले गम्भिरता पूर्वक लिनु पर्दछ र माओले भने झैं 'सबै कामहरूको अतिरिक्त आर्थिक काममा पनि लाग्नै पर्दछ ।'

पार्टीले आफ्नै आर्थिक श्रोतबाट आत्मनिर्भर हुनका लागि उत्पादन कार्यमा जन परिचालन गर्न विशेष जोड दिनु पर्दछ भन्ने विषयमा अगाडि चर्चा गऱ्यौं । अब शुभचिन्तक तथा अन्य दाताहरूसँग लिने सहयोगको पनि चर्चा गरौं । अहिले एकातिर पार्टी सदस्यहरूबाट उठ्ने लेवि पूर्णरूपमा नियमित छैन भने अर्कातिर पार्टीको आफ्नै उत्पादन त छँदै छैन भन्दा पनि हुन्छ । यस्तो स्तिथिमा आज पार्टीको काम जे जति भइरहेको छ ती मुख्यतः सहयोगबाट नै भएको छ । पार्टी र क्रान्तिको लागि शुभ चिन्तक तथा अन्य दाताहरूसँग सहयोग लिने कुरालाई निरन्तरता दिनु पर्दछ तर यसलाई पार्टीको आर्थिक श्रोतको प्रधान पक्ष बनाउनु हुँदैन । पार्टी सदस्यहरूबाट उठ्ने लेवि र उत्पादन कार्यलाई पार्टीको आर्थिक श्रोतको प्रधान पक्ष र सहयोगलाई सहायक पक्ष बनाउन पर्दछ ।

सहयोग उठाउँदा पनि मुख्य आधार आम श्रमिक वर्ग अर्थात आम जनतालाई नै बनाउनु पर्दछ । श्रमिक वर्ग तथा आज जनताको आर्थिक अबस्था कमजोर हुन्छ त्यसकारण उनीहरूले बढी आर्थिक सहयोग गर्न सक्दैनन् भन्ने कुरा आउछ । यो कुरा सत्य हो उनीहरूले बढी धनराशि सहयोग गर्न सक्दैनन् । तर जनसमुदायको ठूलो हिस्सासँग हामी सहयोग लिन सक्यौं भने थोरै थोरै सहयोग हुँदा पनि ठूलो आर्थिक सहयोग प्राप्त हुनसक्छ । तर दलाल पुजींपतिहरू, नोकरशाह पुँजीपतिहरू, ठेकेदारहरू, भ्रष्टहरू, तस्करहरूसँग मोटो रकम सहयोग लिने र त्यसबाट पार्टीको गतिविधि संचालन गर्न थाल्यौं भने त्यसले विस्तारै पार्टीलाई गलत दिशातिर लैजान्छ । पार्टीको शक्तिमा जति जति वृद्धि हुँदै जान्छ त्यति त्यति ती तत्वहरूले पार्टीलाई दिने आर्थिक सहयोगमा वृद्धिगर्र्दै जान्छन । आर्थिक सहयोग भनेको एकप्रकारको सुसम्बन्ध पनि हो । त्यसकारण पार्टीको त्यसप्रकारको नीतिले वर्ग संघर्षलाई भुत्ते बनाउँछ । एउटा कारखानामा मजदुर र मालिकको वीचमा निरन्तर संघर्ष चलिरहेकै हुन्छ । त्यस्तै एउटा ठेकेदारले वा ठेकदार कम्पनीले त्यहाँ श्रमिकहरूलाई शोषण उत्पीडन गरिरहेको हुन्छ । कारखानामा मालिक तथा ठेकेदारहरूसँग मोटो सहयोग लिए उनीहरूले मजदुरमाथि गरिरहेको शोषणलाई अनदेखा पार्टीले गऱ्यो भने श्रमिक वर्गप्रति त्यो भन्दा ठूलो विश्वासघात अरु केही हुँदैन । मजदुरहरूको शोषणको विषयलाई लिएर पार्टी संघर्ष उठाउने तर अर्थिक लेनदेनमा सहमति गरेर सम्झौतामा टुङ्ग्याउने गर्यौं भने त्यो पनि अपराध नै हो । यसप्रकारको गतिविधि भनेको पार्टीको उदेश्यप्रतिको विश्वासघात हो । त्यसकारण यसप्रकारको शोषक वर्गीय तत्वहरूले हामीलाई कसरी कति सहयोग गर्दछन वा गर्दैनन् भन्ने कुरा भन्दा पनि उनीहरूले श्रमिक वर्ग तथा आम जनसमुदाय प्रति कस्तो व्यवहार गर्दछन भन्ने कुरालाई मुख्य आधार बनाएर संघर्षलाई अगाडि बढाउनु पर्दछ । यसो गर्नको लागि पार्टीले आफ्नै पहलमा आफ्ना आर्थिक श्रोतहरूको विकास गर्नु पर्दछ । त्यसको लागि माओले भने झैं अन्य कामको अतिरिक्त आर्थिक उत्पादनको काममा जोड दिनै पर्दछ ।

नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासलाई अध्ययन गर्दा के बुझिन्छ भने पहिले पहिले पार्टीले सामन्त दलाल तथा नोकरशाही पुँजीपति वर्गसँग पार्टीको लागि आर्थिक सहयोग लिएको पाइन्न । बरु उनीहरूको सम्पत्ती जफत गरेर जनतालाई वितरण गरेको घटनाहरू पाइन्छ तर समयहरू वित्दैजाँदा तिनै दलाल तथा नोकरशाही पुँजीपतिहरूसँग सहयोग लिएर पार्टी संचालन गर्ने गरियो । खास गरेर सरकारमा जाने आफुलाई कम्युनिष्ट भन्ने पार्टीहरूले कारखाना मालिक ठेकेदारहरूसँगबाट मोटो रकम लिने र सरकारमा पुगे पछि उनीहरूको हितमा नीति निर्माणहरू गर्ने कामहरू भए । यतिसम्म भयो कि मोटो रकम लिएर उनीहरूलाई सांसद मन्त्रीहरू बनाउने कामहरू समेत भए । यसप्रकारका गलत आर्थिक प्रणालीको कारणले गर्दा आफुलाई कम्युनिष्ट पार्टी भन्ने एमाले र माओवादी केन्द्रले यो काम गरे र त्यो पार्टी सर्वहारा वर्ग तथा श्रमिक जनताको स्वार्थको प्रतिनीधित्व गर्ने पार्टी होइन दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको स्वार्थको प्रतिनीधित्व गर्ने पार्टीमा परिणत भए । यसरी यी पार्टीहरू प्रतिक्रियावादी वर्गको प्रतिनिधिमा परिवर्तन हुनुको एउटा मुख्य कारण ती वर्गबाट प्राप्त गर्ने सहयोग पनि हो । हामीले अहिले देखिनै आफ्नै आर्थिक श्रोतमा भर परेरे संघर्षलाई अगाडि बढाएनौ, एमाले र माओवादी केन्द्रले जस्तै दलाल तथा नोकरशाही पुँजीपति वर्ग तथा ठेकेदारहरू भ्रष्टहरू, तस्करहरूसँग मोटो रकम लिएर पार्टी संचालन र संघर्षलाई अगाडि बढाउने प्रयत्न गऱ्यौं भने हाम्रो पनि एमाले र माओवादी केन्द्रकै हालत हुनेछ । त्यसकारण हमीले का. माओले भने झैं वर्ग संघर्ष, उत्पादनको लागि संघर्ष र वैज्ञानिक प्रयोगलाई कुशलतापूर्वक अगाडि बढाउन अहिले देखि नै भरमग्दुर प्रयत्न गरौं । २०७७/१२/२०

## आलोपालो

# कम्युनिष्टहरुले कस्तो संसदको पक्षपोषण गर्ने

***कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले भनेको समाजवाद त वैज्ञानिक समाजवाद हो । त्यसैले कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले भन्ने लोकतन्त्र क्रान्तिकारी लोकतन्त्र हो***



● हुकुमबहादुर सिंह ●

कम्युनिष्टहरूले कस्तो संसदको पक्षपोषण गर्ने ? यो प्रश्नको एउटै सही उत्तर हो, पेरिस कम्युनको वर्तमानको विकसित  रूपको संसद । जहाँ यो पुँजीवादी लोकतन्त्रभन्दा अझ फराकिलो, व्यापक, समानतायुक्त र स्वायत्त शासनात्मक लोकतन्त्र होस । मार्क्सले उल्लेख गरे अनुसार त्यसमा निम्न कुरा होउन : १. सार्विक मताधिकारको आधारमा जन प्रतिनिधिहरू चुनिने । २. जनप्रतिनिधिहरू आफ्ना मतदाताहरूप्रति उत्तरदायी हुने । ३.जन प्रतिनिधिलाई कुनैपनि वेला प्रत्याह्वान गर्न सकिने । ४. न्यायाधीश, प्रशासकलगायत सार्वजनिक सेवाका सबै पदाधिकारीहरू समेत जनताबाट निर्वाचित हुनुपर्ने । ५. प्रहरी समेत जनताप्रति उत्तरदायी हुनुपर्ने र उनीहरूलाई पनि प्रत्याह्वान गर्न सकिने ।

यस्तो संसद नै रूप र सार दुवै अर्थमा श्रमजीवी वर्गीय सत्ता कुनै पनि किसिमको निरङ्कुश सत्ता वा सर्बसत्तावादी शासन नभएर समानतामा आधारित क्रान्तिकारी चरित्रको लोकतान्त्रिक सत्ता वा शासन व्यवस्था हुने छ । यिनै आधार भएको लोकतान्त्रिक गणतन्त्रले मात्रै नेपाल र नेपालीलाई सार्वभौमसत्तासम्पन्न र दलाल तथा नोकरशाहीतन्त्रबाट उन्मुक्ति दिंदै देशलाई वैज्ञानिक समाजवादतर्फ डोरयाउनेछ ।

पुँजीवादी राजनीतिमा लोकतन्त्र र संसदीय व्यवस्थालाई एक अर्काका परिपुरकको रूपमा बुझ्ने, भन्ने र भ्रम छर्ने काम गरिन्छ । यहाँ भ्रम शब्दको प्रयोग किन गरिएको छ भने संसदीय व्यवस्था एउटा तानाशाही व्यवस्था हो, केही मुठ्ठीभरको जनमतले समाजको अत्यधिक जनसंख्यामाथि लोकतन्त्रको नाममा लादिने पुँजीपति वर्गको तानाशाही सिवाय केही होइन । पुँजीपति वर्गले आफ्नो तानाशाही अन्य तप्काका जनतामाथि लादने व्यवस्था नै संसदीय व्यवस्था हो । यो भन्दा उच्चतम चरण पुँजीपति वर्गसँग छैन । त्यसैले लोकतन्त्रको नाममा दिने भ्रम हो । तर कम्युनिष्ट, जसले समाजको ९०प्रतिशत जनता, जो विभिन्न उत्पीडनमा पिल्सिदै आएका छन् उनका लागि लोकतन्त्र र समाजवाद घनिष्ट रूपले जोडिएका विषय हुन् ।

हुन त पुँजीपति वर्ग आफूलाई समाजवादको पक्षधर पनि भन्ने गर्दछन् र लोकतन्त्र र समाजवादलाई आफ्नो राजनीतिको आधार पनि भन्ने गर्दछन् । पुँजीपति वर्गले भन्ने समाजवाद कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले भनेको समाजवाद होइन, बरु बर्नस्टिन, काउत्स्की आदि संशाधनवादीहरू र उनीहरूका समर्थकले भन्ने गरेको समाजवाद हो । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले भनेको समाजवाद त वैज्ञानिक समाजवाद हो । त्यसैले कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले भन्ने लोकतन्त्र क्रान्तिकारी लोकतन्त्र हो । वैज्ञानिक समाजवाद र क्रान्तिकारी लोकतन्त्रका प्रतिपादक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स हुन । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले प्रतिपादन गरेको लोकतन्त्र पुँजीवादी लोकतन्त्रभन्दा अझै उन्नत स्तरको लोकतन्त्र हो । यस्तो खालको लोकतन्त्र वैज्ञानिक समाजवादमा मात्र सम्भव छ ।

लोकतन्त्रका लागि एउटा महत्वपूर्ण पक्ष प्रेस स्वतन्त्रता हो । कम्युनिष्टहरू प्रेस स्वतन्त्रताका विरोधी भनेर भन्ने गरिन्छ तर मार्क्सका लेखहरूको गहन अध्ययन गर्ने हो भने उनले प्रेस स्वतन्त्रता सम्बन्धी भनेका निम्न भनाइहरू उल्लेखनीय छन्, जसमा उनले भनेका छन्- 'प्रेस स्वतन्त्रताको अभावमा अरु सबै स्वतन्त्रता मृगमरिचिका जस्तै हुन्छन् । शरीरको एउटा अङ्ग अर्को अङ्गमा भरपरे जस्तै एक प्रकारको स्वतन्त्रता अर्को प्रकारको स्वतन्त्रतामा भरपर्दछ । ...जब कुनै एक प्रकारको स्वतन्त्रता अस्वीकार गरिन्छ भने आम स्वतन्त्रता नै अस्वीकार गरेको ठहर्छ ।' यसले के स्पष्ट हुन्छ भने मार्क्स सवै प्रकारका स्वतन्त्रतामा जोड दिने एक जना सुप्रशिद्ध दार्शनिक थिए ।

पुँजीवादी लोकतन्त्र, जसको राजनीतिक आधार संसदीय व्यवस्था हो, त्यो असमानतामा आधारित हुन्छ भने मार्क्स र फ्रेडरिक एङ्गेल्सले *बाँकी ७ पेजमा*


# गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल

# सूचना

१. स्वास्थ्य र पौष्टिक खान खाऔं, नियमित स्वास्थ्य जाँच गरौं,
२. हाम्रो नगरको पहिचान संस्कृति, गौरव र अस्तित्व विशिष्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाइ र विकास निर्माणमा सबै स्थानीय जनता जागरुक होऔं,
४. बच्चा ५ वर्ष नपुगुञ्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनुपर्ने पोषिलो खानेकुराबारे जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौं,
५. म्याद गएको सामग्रीहरुको बिक्रीवितरणमा रोक लगाऔं, उपभोक्ताको जीवनसँग खेलवाड नगरौं,
६. बोटविरुवा रोपौं, गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ, सफा र हराभरा बनाऔं ।
७. नगरपालिकाबाट सञ्चालित हरेक गतिविधिहरूमा सहभागी बनौं, जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौं ।
८. समयमै नगरपालिकामा कर तिरौं, आफ्नो सम्पत्तिको वैधता स्थापित गरौं ।

# गोकर्णेश्वर नगरपालिका









# नेपाल वेलहोप एग्री-टेक प्रा.लि.
भरतपुर-५ चितवन कल्याणपुर फोन नं. ०५६-५९११५३, ५९१७६६, E-mail : info@nepalwelhope.com.np

| मुख्य कार्यालय | शाखा उद्योग-१ | शाखा उद्योग-२ |
|---|---|---|
| गैरीधारा, काठमाडौं | टंकीसिनवरी-२, विराटनगर, मोरङ | कोहलपुर-१४, पार्वतीपुर, बाँके |
| फोनः ०१-४४२२९४०/४४२२६०५ | फोनः ०२१-४२०७००/४२०६९४ | फोनः ०८१-४०३०८४ |

नेपालमा पहिलोपटक चिनीयाँ तथा नेदरल्याण्डको उच्च प्रविधिबाट तयार पारिएका कुखुरा, बंगुर तथा गाई भैंसीको दानाको लागि


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।